# आवधिक विकास योजना

(आ.व. २०८१/०८२-२०८५/०८६)

## अन्तिम प्रतिवेदन


**जगदुल्ला गाँउपालिका, माँझगाउँ, डोल्पा**

**कर्णली प्रदेश, नेपाल**

**फोनः**

**इमेल : jagadulla@gmail.com**

**वेवसाईडः www.jagadullamun.gov.np**



२०८० पौष

जगदुल्ला गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

माझगाउँ, डोल्पा

तयार गर्ने

स्पाइरल ग्रीड प्रा.लि.

काठमाण्डौ

# मन्तव्य

समाज रुपान्तरणप्रतिको नेपाली जनताको तिव्र चाहना र वलिदानीपुर्ण संघर्षका कारण नेपाल विभिन्न कालखण्डमा राजनैतिक परिवर्तनका साथ संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुकको रुपमा स्थापित भएको छ । नेपालको संविधान मार्फत संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकिय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपुर्ण उपलब्धिहरु संस्थागत भएका छन् । संघीय संरचना अर्न्तगत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बीच समन्वय, सहकार्य र सह- अस्थित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको संचालनवाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ ।

डोल्पा जिल्लाको पश्चिमी भेगमा अवस्थित जगदुल्ला गाउँपालिका भौगोलिक विविधता भएको डोल्पा जिल्लाकै पर्यटकीय दृष्टिले अग्रणी क्षेत्रको रुपमा रहन सक्ने प्रचुर सम्भावना रहेको गाउँपालिका हो । सुशासन, प्रभावकारी सेवाप्रवाह, पर्यटकिय पुर्वाधारको निर्माण, कृर्षिमा व्यवसायीकरण, स्थानीय औधोगिकरण, उत्पादन तथा आयमुलक कार्यमा लगानी, रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि जस्ता कार्य यथोचित रुपमा अगाडी बढ्न नसकेकोले यस याउँवालिकाको आर्थिक सम्वृद्धि आसातित रुपमा हासिल हुन सकेको छैन । यसका लागि संघीय, प्रदेश तथा स्थानीय सरकार सहित स्थानीय राजनैतिक दल, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सवैको विकास र परिवर्तन प्रतिको सकरात्मक सोच, जुझारु एकता र दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । वस्तुगत तथा तथ्यपरक योजना निर्माण, सेवा प्रवाह र विकास कार्यलाई प्रभाबकारी गराउन गाउँपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डिकृत तथ्यांक खुल्ने गरी वस्तुगत विवरण वा पार्श्वचित्र तयार गर्नु र त्यसैका आधारमा आवधिक योजना तर्जुमा गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को खण्ड (ड) मा प्रत्येक स्थानीय तहले आफ्नो योजना, नीति, कार्यक्रम र वजेट तयार गर्न र आवधिक योजना तर्जूमाका लागि यस गाउँपालिकाको नेतृत्व कर्णाली प्रदेश प्रदेश तथा संघिय सरकारको योजना संग मेल खाने गरी त्रि पञ्चबर्षिय आवधिक योजना निर्माण गरिएको छ । गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा यस क्षेत्रमा कृयाशिल विकास साझेदार, नागरिक समाज, वुद्धिजिवी, उद्योगी व्यवसायी, निजि क्षेत्र समेतको अर्थपुर्ण सहयोग र सहभागिता रहेको छ । यसवाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगाएत समग्र क्षेत्रमा मार्गदर्शन गर्नेछ भन्ने पुर्ण विश्वास लिएको छु । यसका अतिरिक्त यस क्षेत्रमा कृयाशिल अन्य विकास साझेदारहरुका लागि समेत उल्लेखित विवरण महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछन ।

अन्त्यमा, यस आवधिक योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, प्राविधिक सहयोग स्पाइरल ग्रीड प्रा.लि. काठमाण्डौको योगदानको उच्च कदर गर्दे अत्यन्तै हार्दिकता पूर्वक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद

..........................

नारासिं रोकाया

अध्यक्ष

जगदुल्ला गाउँपालिका, डोल्पा

# मन्तब्य

नेपालको संविधान २०७२ ले ब्यबस्था गरेको संघिय शासन ब्यबसथा अनुसार संघ प्रदेश र स्थानिय तह गरी तीन प्रकारको शासन ब्यबस्था गरेको र कार्य अधिकारको समेत तोकेको छ । सो ब्यबस्थाले स्थानिय निकायले आफ्नो एकल क्षेत्राधिकार भित्रका विषयमा कानुनले ब्यबस्था गरे अनुरुप स्थानिय परिवेश र स्रोत साधनको परिचालन गरि विकास गर्ने अधिकार र जिम्मेवारी सुम्पेको छ । संविधानले दिएको अधिकार र जिम्मेवारी पुरा गर्ने क्रममा स्थानिय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही आवधिक योजना तर्जुमा कार्यविधि २०७८ को मार्गदर्शनमा रहि स्थानिय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस गाउँपालिकाले **"समृद्ध जगदुल्ला, सुखारी जगदुल्लाबासी"** भन्ने दीर्घकालीन सोंचका साथ गाउँपालिकको प्रथम पञ्च बर्षिय आवधिक योजना निर्माण गरेको हो । यस प्रथम पञ्चवर्षिय आवधिक योजनाले जगदुल्ला गाउँपालिकाको समग्र विकासको आधारशीला तयार पार्न योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिईएको छ ।

यस गाउँपालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार्, सरकारी तथा गैरसरकारी संस्थाहरुले यस आवधिक योजनाका लक्ष्यहरुलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनिय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सवैमा विनम्रता पुर्वक अनुरोध गर्दछु । आवधिक योजनामा भएका योजनाहरुको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र हाम्रो मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै गाउँपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम वनाउनको लागि हामी सवै दृढ संकल्पका साथ अगाडी वढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन । यस आवधिक योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण नागरिक, गाउँ सभाका सदस्य, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्पुर्ण कर्मचारी, परामर्श दाता संस्थाका सम्पूर्ण टिम लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

...................

अमृता लामा

उपाध्यक्ष

जगदुल्ला गाउँपालिक, डोल्पा

# मन्तव्य

नेपालको संविधान २०७२ मा संघ, प्रदेश तथा स्थानिय तह गरी तीन तहको शाासकीय ब्यबस्था गरेको छ । साथै विकासका क्षेत्रलाइ पनि एकल र साझा अधिकारका रुपमा विभाजन गरेको छ । जस अन्तरगत स्थानिय निकायलाई आफ्नो एकल अधिकारको क्षेत्रमा केन्द्रित रहि आफ्नो राजनैतिक भूगोल क्षेत्र भित्रमा समग्र रुपमा सन्तुलित विकास गर्नका लागि अधिकार प्रत्यायोजन गरेको छ । त्यस्तै स्थानिय तहको शासन संचालन गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ भाग ६ मा स्थानिय निकायमा विकासका आयाममा एकरुपता ल्याउन तथा प्रतिस्पर्धी रुपमा विकास गर्नका लागि दीर्घ कालिन, मध्यकालिन, आवधिक तथा बार्षिक योजना र क्षेत्रगत योजना बनाउनु पर्ने ब्यबस्था गरेको छ साथै आवधिक योजना र बार्षिक योजनाको बीच तादम्यता मिलाउन मध्यकालिन खर्चको ब्यबस्था गरेको छ । सोहि ब्यबस्था अनुरुप जगदुल्ला गाउँपालिकाको सामाजिक आर्थिक साँस्कृतिक भौतिक र मानव संसाधन विकासको क्षेत्रमा संतुलित विकास गर्न विद्यमान उपलब्ध आर्थिक, मानवीय तथा प्राकृतिक स्रोत साधनको अधिकतम प्रयोग गरि अपेक्षित नतिजा/प्रतिफल प्राप्त गर्नको लागि संघिय सरकारको पन्ध्रौ योजना, कर्णली प्रदेश सरकारको प्रथम पन्च बर्षिय योजना, दीगो विकासका लक्ष्यले तय गरेका दीर्घकालीन सोच लक्षय उदेश्य तथा प्रतिफललाई स्थानिय स्तरबाट हासिल गर्नको लागि राष्टिय योजना आयोगले प्रकासित गरेको स्थानिय निकायको योजना तर्जुमा दिग्दर्शन २०७८ मा आधारित रहि यो आवधिक योजना तयार पारिएको छ ।

योजना तयारीका लागि गाउँपालिका स्तरमा निर्देशक समिति, विधिन्न विषयगत समिति गठन गरि ब्यापक रुपमा छलफल गरिएको छ । यो योजना तयार गर्दा वडा तह सम्म पुगेर छलफल गरिएको, गाउँपालिका स्थित राजनैतिक दल, विषयगत विज्ञ तथा जानकार ब्यक्ति, विभिन्न संजाल सलगायत जनप्रतिनिधि, विषयगत शाखा प्रमुख तथा कर्मचारी संग ब्यापक छलफल गरि गाउँपालिकाको समृद्धिका संवाहकको आधारमा गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य उदेश्य, रणनीति, विषयगत क्षेत्र अनुसार लक्ष्य उदेश्य, नीति कार्यनीति कार्यक्रम तथा नतिजा र प्रतिफल सहितको पञ्च बर्षिय आवधिक योजना तयार पारिएको छ । यस योजनाले उत्पादनका साधनलाई कम प्राथमिकताको क्षेत्रबाट उच्च प्राचमिकता प्राप्त क्षेत्रमा र न्युन उत्पादनलाई उच्च उत्पादन क्षेत्रमा प्रवाह गरि अधिकतम प्रतिफल प्राप्त हुने अपेक्षा गरिएको छ ।

यस योजना तयारीको क्रममा अमुल्य समय, सुभाव र मार्गदर्शन गर्नुहुने जनप्रतिनिधि, राजनैतिक दल, विषयगत विज्ञ, विभिन्न संजाल, कर्मचारी साथीहरु र परामर्शदाता संस्थालाइ कृतज्ञताका साथ हार्दिक धन्यबाद ब्यक्त गर्दछु ।

..........................

केशव राज जैसी

नि. प्रमुख प्रशासकीय अधिकृत

# शब्द संक्षेप

अ.मु. : अनुगमन तथा मूल्याङ्कन

अ/गै.स.स : अन्तर्राष्ट्रिय/गैर सरकारी संस्था

आ.व.: आर्थिक वर्ष

आ.ले.प.: आन्तरिक लेखा परिक्षण

आ.वि.: आधारभुत विद्यालय

उ.स.: उपभोक्ता समिति

क.व.: कवुलियत बन

कि.मि.: किलो मिटर

कृ.शा : कृषिशाखा

गा.पा : गाउँपालिका

गाकापाः गाउँ कार्यपालिका

जिससः जिल्ला समन्वय समिति

पा.चि. : पार्श्वचित्र

प्रा.वि.: प्राथमिक विद्यालय

मा.वि.: माध्यमिक विद्यालय

रायोआः राष्ट्रिय योजना आयोग

रु.: रुपैयाँ

लिः लिटर

व.नं. : वडा नम्बर

स.सं : सहकारी संस्था

सा.ब.:सामुदायिक वन

सा.सं : सामुदायिक संस्था

हे. : हेक्टर

# विषयसूची

**विषय** | **पेज**


| विषय | पेज |
|---|---|
| परिच्छेद १ : प्रारम्भिक | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आवधिक योजना तयारीको उद्देश्य | |
| १.३ आवधिक योजनाको औचित्य | १ |
| १.४ आवधिक योजना तजुर्माको विधि | २ |
| १.५ आवधिक योजना तयारीको सीमा | ४ |
| १.६ योजना तयारीको कानुनी आधार | ४ |
| १.७ संघिय सरकारको पन्ध्रौ योजना, कर्णली प्रदेशको आबधिक योजना तथा दीगो विकासको लक्ष्यसंगको अन्तरसम्बन्ध | ५ |
| **परिच्छेद २ : दीर्घकालिन सोच तथा लक्ष्य तथा समष्टिगत आर्थिक खाका** | |
| २. पृष्ठभूमि | ६ |
| २.१ गाउँपालिकाका समस्या तथा चुनौती | ६ |
| २.२ दीर्घकालीन सोच | |
| २.२ गाउँपालिकाका अवसर | ८ |
| २.३ गाउँपालिकाका समृद्धिका मुख्य तथा सहायक संवाहकहरु | ८ |
| २.४ गाउँपालिकाको समृद्धिका लागि ४ सहयागी क्षेत्रहरु | १० |
| २.५ दीर्घकालिन सोच, लक्ष्य उदेश्य र परिमाणात्मक लक्ष्य | १० |
| २.६ दीर्घकालिन रणनीति | ११ |
| २.७ परिमाणात्मक लक्ष्य | ११ |
| २.८ विषय क्षेत्रगत रणनीति | १५ |
| २.९ समष्टिगत आर्थिक अवस्था र आर्थिक बृद्धिदर प्रक्षेपण | १६ |
| **परिच्छेद ३ : आर्थिक विकास** | |
| ३.१ कृषि विकास | १९ |
| ३.२ पशुपंक्षी र मत्स्य विकास | २९ |
| ३.३ पोषण तथा खाद्य सुरक्षा | ३५ |
| ३.४ पर्यटन तथा संस्कृति | ४० |
| ३.५ वित्त, सहकारी र नीजि क्षेत्र विकास | ४६ |

**परिच्छेद ४ : सामाजिक विकास**
४.१ शिक्षा ५१
४.२ स्वास्थ्य तथा पोषण ६०
४.३ खानेपानी तथा सरसफाइ ७०
४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ७५
४.५ युवा तथा खेलकुद ८३
**परिच्छेद ५ : भौतिक पूर्वाधार विकास**
५.१ सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्ग ९०
५.२ भवन, आवास तथा वस्ती विकास ९६
५.३ सिंचाई तथा नदि नियन्त्रण १०३
५.४ सूचना तथा सञ्चार १०८
५.५ जलविद्युत, ऊर्जा तथा बैबल्पिक उर्जा ११४

**परिच्छेद ६ : वन वातावरण तथा विपद्व्यवस्थापन**
६.१ बन, वातावरण र जैविक विविधता ११९
६.२ विपद् ब्यबस्थापन १२९

**परिच्छेद ७ : सुशासन तथा संस्थागत विकास**
७.१ संस्थागत विकास तथा सेवा प्रवाह १३६
७.२ वित्तिय सुशासन १४२

**परिच्छेद ८ : आवधिक योजनाको वित्तिय श्रोत ब्यवस्थापन, अनुगमन एवं मूल्यांकन र कार्यान्वन**
८.१. वजेट ब्यवस्था १४५

तालिकाहरु

अनुसुचिहरु
अनुसुचि १ : गाउँपालिकाको बजेट प्रवाह १५१
अनुसुचि २ : गाउँपालिकाको योजना बैक
अनुसुची ३: गाउँपालिकामा बैठकका माइनुटहरु
अनुसुची ४: गाउँपालिकाको श्रोत नक्सा
अनुसुची ५ : फोटाहरु
अनुसुचि ६ : आवधिक योजना तयारी समिति

# परिच्छेद १

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको संरचनामा राज्यशक्तिको प्रयोग गर्ने गरी तीन तहको व्यवस्था गरेको छ- संघ, प्रदेश, र स्थानीय तह । यसै प्रकारले स्थानीय सरकार संचालन ऐन २०७४ लागु भएपछि स्थानीय तहहरूमा विकास निर्माण सम्बन्धी कार्यको उत्तरदायित्व र जिम्मेवारी वहन गर्नुपर्ने दायित्व सिर्जना भएको छ । उक्त ऐन अनुसार प्रत्येक गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रको एकिकृत विकासका लागि दीर्घकालिन, आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ब्यबस्था गरेको छ । आवधिक योजनाले गाउँपालिका भित्र गरिने सम्पूर्ण क्रियाकलापहरुमा आपसी अन्तरसम्बन्ध कायम गरी पारदर्शी र जवाफदेही तवरबाट गाउँपालिकाको सन्तुलित विकास गर्न र विभिन्न विकास साझेदार निकायहरु समेतको समन्वय र सहयोगमा कार्यान्वयन गर्न सहयोग पुर्‍याई स्थानीय नागरिकका मागहरुलाई प्रभावकारी र योजनावद्धरुपमा सम्बोधन गर्ने परिपाटीको विकासमा सहयोग पुग्नेछ । आवधिक योजनाले गाउँपालिका क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लागि दीर्घकालीन लक्ष्य, उद्देश्य एवं कार्यक्रमहरु निर्धारण गरी तोकिएको अवधिमा निश्चित उपलब्धिहरु हाँसिल गर्नका लागि र स्थानीय सुशासनको सबलीकरण गर्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ ।

स्थानिय तहको पुर्नसंरचना पश्चात गाउँपलिकाले आवधिक योजना बनाउन लागेको यो पहिलो प्रयास हो । स्थानीय शासन संचालन ऐन, २०७४ को भाग ६ अनुसार प्रत्येक स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर चौतर्फी विकासका लागि दीर्घकालिन, मध्यकालिन, आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुसार यस गाउँपालिकाले संघिय सरकार तथा कर्णली प्रदेश सरकारको आवधिक योजना संग तादम्यता हुनेगरी संघिय सरकारको सोह्रौं योनाको आधार पत्र २०८० को आधारमा यो पञ्चवर्षिय आवधिक योजना तयार पारिएको छ । आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाको भू-वनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, प्राथमिकता पहिचान गरी दीर्घकालीन विकासको सोंच र अवधारणा अनुरुप संघिय सरकार र प्रदेश सरककारबाट पाउने अनुदान, आन्तरिक स्रोत, स्थानीय सामुदायिक समूह, गैसस, अन्तर्राष्ट्रिय गैसस तथा निजी क्षेत्रबाट परिचालन हुने स्रोत तथा जनसहभागिताको आधारमा बजेट प्रक्षेपण गरी आगामी ३ वर्ष भित्रमा सञ्चालन गर्न सकिने कार्यक्रम तथा योजनाहरु समावेश गरी यो आवधिक योजना तयार गरिएको छ । गाउँपालिकाको आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्न यो आवधिक योजना तयार गरिएकोछ । गाउँपालिकाको अगुवाइमा यस गाउँपालिकामा कार्यरत विषयगत कार्यालय, जिल्ला स्थित सबै कार्यालयका जिल्ला समन्वय समिति र अन्य विषयगत कार्यालय र गाउँपालिका स्थित सबै सरोकारवालाहरुको सामूहिक सहभागितामा तथा विज्ञ टोलीले गरेको स्थलगत अध्ययन, गाउँपालिका तथा विषय क्षेत्रमा गरिएका अध्ययन अनुसन्धानका प्रतिवेदनहरु, गाउँपालिकाको बस्तुस्थित विवरण २०७६, नेपाल सरकारको पन्ध्रो योजना, कर्णली प्रदेशको प्रथम पन्च बर्षिय योजना २०७७, सरकारका नीति तथा कार्यकम, दीगो विकासको लक्ष्य, गाउँपालिका स्थित राजनैतिक दलको घोषण पत्र सहितलाई आधार मानेर यो “आवधिक योजना” तर्जुमा गरिएको छ । यस दस्तावेजले गाउँपालिकाको विकासमा महत्वपूण भूमिका खेल्नेछ भन्ने विश्वास लिइएकोछ ।

## १.२ उद्देश्य

यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गराउन अवलम्बन गरिएका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् :

- यस गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने ।
- योजना अवधिमा लक्ष्यअनुरुप भएका कार्यक्रमहरुको कार्यन्वयनको मूल्याङ्कन आधार तयार पार्ने ।
- सरकारी एवं गैरसरकारी सँस्था तथा स्थानीय तहहरुबीच समन्वय गराई कार्यान्वयनको प्रभावकारिता बढाउँदै विकासको दोहोरोपनलाई कम गर्दै लैजाने ।

## १.३ आवधिक योजनाको औचित्य

वर्तमान ऐन तथा नियमावलीहरूले गाउँपालिकाका बिषयगत समितिहरूलाई स्थानीयस्तरमा सहभागितात्मक पद्धतिको माध्यमबाट योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नको लागि एक केन्द्रविन्दुका रूपमा स्थापित गरेको छ । तीनै बिषयगत समितिका सदस्यहरूको अगुवाईमा तयार हुने गाउँपालिको आवधिक योजना यस्तो दस्तावेज हो जसले

गाउँपालिकाको विकास प्रयासलाई एउटा निश्चित दिशाबोध गर्दछ । गाउँपालिकाको समग्र वस्तुस्थितिलाई विश्लेषणगरी तयार पारेको आवधिक योजनाले बार्षिक योजनाको छनौट तथा प्राथमिकिकरण गर्न सजिलो बनाउंदछ । यस गाउँपालिकामा संघिय तथा प्रादेश सरकारबाट आउने नियमित अनुदान र आफ्नो आम्दानीका स्रोतहरूको उचित परिचालनबाट मात्र स्थानीय जनताले चाहना गरे अनुसारका विकासका योजनाहरू सम्पन्न गर्न संभव हुन्छ । यसका लागि गाउँपालिकाको प्राथमिकताका आधार निर्धारण गरि बस्तुपरक ढंगले आवधिक योजना आवश्यक हुन्छ । नियमित स्रोत बाहेक प्रदेशसरकार, केन्द्र सरकार र अन्य स्वदेसी तथा बैदेसिक संघ संस्थाहरूबाट आशा गरिएका योजनाहरू माग गर्न र आफ्नो मागलाई पुष्टिगर्न यस दस्तावेजले एउटा बलियो आधार प्रदान गर्दछ । त्यसैगरी गाउँपालिका भित्र कामगर्ने स्वदेसी तथा बिदेसी गैरसरकारी निकायहरू तथा विकासका साझेदारहरुलाई एक द्वार प्रणलिमा ल्याउने र गाउँपालिकाले तोकेको प्राथमिकतामा कामगर्ने वातावरण मिलाउन पनि आवधिक योजनाले सहयोग गर्दछ । त्यस्ता संघ संस्थाहरूलाई गाउँपालिकाले तोकेका कार्यक्रम र प्राथमिकतामा योगदान पुग्ने गरी काम गर्न यो दस्तावेजले निर्देशित गर्दछ ।

समग्रमा गाउँपालिकाको आवधिक योजना भनेको गाउँपालिकाको विकासको मार्ग चित्र हो । यसले गाउँपालिकाको प्राथमिकताका क्षेत्र, दीर्घकालिन सोच, पाँच बर्षको लक्ष्य तथा उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम र आगमी पाँच बर्षका लागि आवश्यक अनुमानित बजेट, गाउँपालिकामा आउने अनुमानित आर्थिक श्रोतको प्रक्षेपण तथा नपुग रकम र नपुग रकमको आकलन, आम्दानीका स्रोतहरू समेतको किटान गर्ने हुनाले बार्षिक योजना तर्जुमा प्रकृया पारदर्शि, व्यवस्थीत र कम समयमा तर्जुमा गर्न सकिन्छ । साथै आवधिक योजनामा योजनाको लक्ष्य र उदेश्यका आधारमा गाउँपालिकाको प्रभाव, असर र प्रतिफल तहका सुचकको व्यबस्था गरिने हुनाले गाउँपालिका ले संचालन गर्ने योजना बाट निस्कने प्रतिफलको अग्रिम अनुमान गर्न सकिने र प्राप्त प्रतिफललाइ सहजै मापन र तुलनात्मक अध्ययन गर्न सकिन्छ । यसका अलवा आवधिक योजनामा योजना संचालनको जिम्मेवार निकाय तोकिने, अनुगमन र मुल्यांकनको खाका बनाइएको हुनाले योजना तथा कार्यक्रम संचालनका बेला अनुगमन तथा कार्यक्रम समाप्ती पश्चात मुल्यांकन गर्न सजिलो हुन्छ । यस प्रकारको योजनाले उपलब्ध भएको सिमित स्रोत साधनको अधिकतम उपयोग गर्ने गरी बार्षिक कार्यक्रमहरूलाई क्रमबद्ध र चरणबद्ध योजनाको ढांचामा ढाल्दछ जसले गर्दा गाउँपालिकाको स्रोत संकलन र प्राप्त स्रोतको खर्चलाई व्यवस्थित र पारदर्शि बनाउन सहयोग पुग्दछ । यसरी पारदर्शि भएर स्रोतको सदुपयोग गर्नु भनेको शासन प्रणलिलाई सुशासनतर्फ अगाडि बढाउनु पनि हो । त्यसैले भनिन्छ कि आवधिक योजना र सोही अनुरूपको बार्षिक योजना बनाउने परिपाटि बसाल्नु भनेको सुशासनको एउटा आधार स्तम्भ खडा गर्नु हो ।

## १.४ योजना तर्जुमा विधि

यस जगदुल्ला गाउँपालिकाको एकिकृत आवधिक योजना गाउँ कार्यपालिकाबाट तयार गरी गाउँपालिका सभाबाट स्वीकृत गरी लागु गर्ने गाउँपालिका कार्यकारी परिषदको सोच बमोजिम देहाय बमोजिमको विधि तथा प्रक्रिया अनुसार आवधिक योजना तर्जुमा गरिएको छः ।

**स्रोत सामाग्रिको अध्ययन :**

आववधिक योजना तयारीका लागि जगदुल्ला गाउँपालिका र परामर्शदाता संस्था बीच सम्झौता भए पश्चात गाउँपालिका संग सम्बन्धित स्रोत सामाग्रिहरु जस्तै : गाउँपालिकाको प्रोफाइल, गाउँपालिकाका बार्षिक योजना, नीति तथा कार्यक्रम, गाउँपालिकाका विषयमा लेखिएका लेख रचना तथा अध्ययन प्रतिवेदन, जिल्ला तथा प्रदेश तथा संघिय सरकारका योजना र विकास संग सम्बन्धित ऐन नियम, कार्यविधि, निर्देशिको अध्ययन गरी आवश्यकतथ्यांक संकलन गरी तथ्यांकको विश्लेषण गरिएको थियो । गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेखित सूचनालाई विस्तृत स्वरुपको आवधिक योजनाको आधाररेखा सूचनाको रूपमा उपयोग गरिएको छ ।

**वडास्तरीय छलफल तथा स्थलगत अध्ययनः**

जगदुल्ला गाउँपालिकाको आयोजनामा गाउँपालिकाको ६ बटै वडाहरूमा छुट्टा छुट्टै बिषय विज्ञहरूको सहजिकरणमा एक दिवसिय वडास्तरीय परामर्श गोष्ठीको आयोजना गरिएको थियो । उक्त परामर्श गोष्ठीमा वडा समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, दलित, महिला, अपांगता भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिकहरूको यथेष्ट प्रतिनिधित्व रहेको थियो । योजना तयारी कार्यशालाले तयार गरेको सम्भावना, समस्या र कार्यक्रममाथि छलफल गरी आवश्यक सुझाव सहित गाउँपालिकामा पेश गर्ने निर्णय गरियो । यस कार्यक्रममा स्थानीय तहका वास्ताविकतालाई सुक्ष्म रूपमा बिचार बिमर्श गरी विषयगत रूपमा सुझाव

संकलन गरिएको थियो । वडास्तरीय परामर्श कार्यक्रमको निश्कर्ष तथा सुझावहरू मनन गरी यस दस्तावेजमा समावेश गरिएकोछ । योजना तयारीका क्रममा गाउँपालिकाका महत्वपूर्ण क्षेत्रको स्थलगत अध्ययन तथा जानीफकार व्यक्तिहरु संग स्थानिय स्तरका सुचना तथा जानकारी संकलन गाउँपालिकाको समग्र विकासका लागि महत्वपूर्ण योजना तथा कार्यक्रमको बारेमा छलफल गरिएको थियो ।

**विषयगत समिति संगको छलफल**

आवधिक योजना तयारी कार्यलाइ सहज बनाउन तथा बढी भन्दा बढी सहभागिता मुलक ढंगबाट योजना तयारीका लागि छलफल गर्न गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिब रहने गरी जन प्रतिनिधि, राजनैतिक दल, संघ संस्थाका प्रतिनिधि रहने गरी निर्देशक समिति र वडा अध्यक्षको संयोजकत्वमा र सम्बन्धित शाखा प्रमुख सदस्य सचिव रहने गरी जनप्रतिनिधि, विषयगत शाखाका कर्मचारी संघ संस्थाका प्रतिनिधि, संचारकर्मी, विभिन्न सञ्जालका प्रतिनिधि समावेश गारी पाँच वटा विषयगत समिति गठन गरीएको थियो । गाउँपालिकाको समग्र क्षेत्रको विषयमा निर्देशक समिति र विषयगत क्षेत्रका विषयमा विषयगत समितिमा ब्यापक छलफल गरी क्षेत्रगत लक्ष्य उदेश्य, रणर्नीति, कार्यनीति, कार्यक्रम तथा बजेट तयार पारिएको हो ।

**योजना तयारी कार्याशाला गोष्टीः**

यस गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम २०८० साल आश्विन १७ गते तथा योजना तयारी कार्यशाला गोष्ठी आश्विन माहिनाको १७ गते गाउँपालिकाको आयोजना र परामर्शदाता संस्थाको सहजिकरणमा आवधिक योजना तर्जुमा अभिमुखीकरण तथा गोजना तर्जुमा कार्यशाला गोष्ठि सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो । कार्यशालामा विषयगत विज्ञको सहजिकरणमा नेपाल सरकारको वि.स. २१०० सम्मको दीर्घकालिन सोच, पन्ध्रौ योजनाले लिएका लक्ष्य तथा कर्णाली प्रदेश सरकारले लिएको सोच र लक्ष्य तथा दीगो विकासका लक्ष्यमा आधारित रहि गाउँपालिकाको विकासका संवाहक, प्राथमिकता, संभावना तथा समस्या विश्लेषण गरि गाउँपालिकाको दीर्घकालिन सोच, गाउँ विकासको आगामि पाँच बर्षको लक्ष्य, उद्देश्य, रणनीति, र गाउँपालिकाको विकासका प्रमुख रणनीतिहरु तयार गरिएको थियो ।

आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको प्रत्यक्ष सशभागितामा गाउँपालिकाको बर्तमान अवस्था, विकासको परिबर्तित अवस्था र भोलिको विकासको सम्बन्धमा लेखोजोखा समेत गरिएको थियो । त्यसै वस्तुगत विवरण तथा अन्य छलफलबाट आएका जानकारीहरूका आधारमा गाउँपालिकाको विषयगत वस्तुस्थिति विश्लेषण गरिएको थियो ।

**योजना दस्तावेज तयारीः**

आवधिक योजना तयारी कार्यशाला, वडागत परामर्श कार्यक्रम र योजना तर्जुमा बैठकको निचोड तथा विवरणका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेजलाई मुख्य रूपमा परिचय, योजनाको अवधारणा तथा प्रारुप, एकिकृत बार्षिक योजना र समग्र नतिजा तालिका सहित नौ परिच्छेदमा विभाजन गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरूको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्वारा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को ढाँचामा आवधिक योजनाको दस्तावेज मस्यौदा तयारी गरिएको छ । सकेसम्म सबैले पढ्न र बुझ्न सक्ने ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय र पक्षहरूलाई तार्किक, वस्तुनिष्ठ र सरल रूपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार पार्ने प्रयास गरिएको छ ।

**योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारीः**

गाउँपालिकाको सोच, सहभागितामूलक वडास्तरीय कार्यशाला गोष्ठि तथा परामर्श विषयविज्ञको सुझावका आधारमा तयार गरेको योजनाको मस्यौदा दस्तावेजलाई कार्यपालिका तथा गाउँसभा, स्थानीय तहका सरोकारवाला माझ २०८० कार्तिक २५ गते प्रमाणीकरण कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । प्रमाणिकरण कार्यशालामा विषयगत रूपमा समूहगत छलफल र परामर्श गरी समूहको निष्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी आवधिक योजना दस्तावेजलाई अन्तिम रूप दिईएको छ । यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरि जगदुल्ला गाउँपालिकाको पाँच वर्षे (२०८१/०८२ देखि २०८५/०८६)

एकीकृत आवधिक योजनाको प्रतिवेदन तयार गरियो । उक्त आवधिक योजना जगदुल्ला गाउँपालिको प्रथम आवधिक योजनाको रूपमा गाउँसभामा पेश गरी दफाबार छलफल गरी मिति ............मा बसेको गाउँपरिषदको बैठकले स्वीकृत गरि गाउँपालिकाको आधिकारिक दस्तावेजको रुपमा स्विकृत भईसकेको छ ।

## १.५ आवधिक योजना तयारीको सीमा

राष्ट्रिय योजना आयोगबाट जारी गरिएको आवधिक योजनासम्बन्धी निर्देशिका, स्थानिय तहको योजना दिग्दर्शन २०७८ को मार्गदर्शन गरे बमोजिम यो योजना सहभागितात्मक आधारमा तयार गरिएको छ । यस आवधिक गाउँ विकस योजनालाई समावेशी, पारदर्शी एवं परिणाममुखी बनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता जुटाउने एवं गाउँपालिकाको विकासलाई सन्तुलित बनाउन सवै क्षेत्रगत विषयका लक्ष्य, उद्देश्य र उपलब्धिका सूचकहरुलाई समावेश गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिकामा कार्यरत सबै सरकारी, गैरसरकारी संस्था तथा सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिनेछ । गाउँपालिकामा कार्यरत सबै सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु एवं सरोकारवालाहरुबाट उपलब्ध भए सम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास बाबजुद निम्न सिमाको परिधीमा रही यो योजना तयार गरिएको छ ।

- गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने प्रकृयामा प्रारम्भिक तथ्याङ्क र सूचना लिन समय तथा बजेट बढी लाग्ने भएको हुँदा प्रथम तहका सूचनाको अनुपलब्धताका कारणले सूचकहरु दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् तथा प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएको छ ।
- यस आवधिक योजना तर्जुमालाई सक्दो समावेशी, सहभागितामूलक बनाउने प्रयास हुँदा हुँदै कतिपय सरोकारवालाहरुको कार्य व्यस्तता र समय सीमाको कारणले गर्दा अपेक्षित सहभागितामा कमी आएको छ ।
- गाउँपालिकाको पार्श्वचित्रमा उल्लेखित सूचना मध्ये कतिपय अधुरा, अपूरा र कतिपय आधार बर्ष भन्दा अघिल्ला बर्षका भएको हुँदा तथा कतिपय सुचक उपलब्ध नभएमा अन्य श्रोतबाट प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएको छ ।
- आवधिक योजनामा साधन र श्रोतको लेखाजोखा गर्दा गाउँपालिका बाहेक अन्य निकायहरुको श्रोतको प्रक्षेपण एकिन हुन नसकेकोले अनुमानित बजेट प्रक्षेपण गरिएकोछ ।
- भौगोलिक विकटता, नबगरिकको कार्य ब्यस्तताका कारण आवधिक योजना तर्जुमा गोष्ठिलाई आवश्यकता अनुसार संचालन गरी प्रर्याप्त छलफल हुन नसकिएको हुँदा बिषयगत समितिहरूको नेतृत्वमा आवधिक योजनाको प्रारम्भिक खाका तयार गरिएको छ । उक्त गोष्ठिमा उत्साहजनक सहभागिता थियो तर सबै सरोकारवालाहरूको सहभागिता हुन नसकेको यथार्त सिमाको रूपमा रहन गएकोछ ।
- यस योजनामा मुख्य कार्यक्रमलाई मात्र समावेशगरिएको हुँदा ठाउँ विशेषका तथा वडा कार्यलयमा छलफल हुँदा आएका योजनालाई गाउँपालिकाको योजना बैंकको रुपमा राखिएको र बार्षिक योजना तर्जुमा गर्दा यसै योजना बैकबाट योजना तथा कार्यक्रम छनौट गरेर राख्नु पर्ने हुन्छ अन्यथा गाउँपालिकाले लिएको पाँच बर्षे योजनाको लक्ष्य र उदेश्य पूरा हुन सक्ने छैन ।

## १.६ योजना तयारीको कानुनी आधार

नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानिय तहको अधिकार, संघिय तथा प्रदेशको कानुन र नीति, स्थानिय तहको कानुन नीति तथा कार्यक्रमले स्थानिय तहको विकासको गतिको मार्गचित्र निर्देशित गर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ परिमार्जित २०७५, परिच्छेद ६ दफा २४ को उपदफा १ अनुसार स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानिय स्तरको विकासका लागि दीर्घकालिन, मध्यकालीन र बार्षिक योजना, विषय क्षेत्रगतका योजना तर्जुमा गरि तयार गर्नु पर्ने प्राब्धान रहेको छ । स्थानिय तहले आफ्नो योजना बनाउदा नेपाल सरकार, प्रदेश सरकारको सोच, लक्ष्य उदेश्य, नीति तथा कार्यक्रम तथा समय सिमा संग समायोजन हुने गरि तथा दीगो विकासका लक्ष्यले तय गरेका लष्य, उदेश्य र सुचकमा आधारित रहि सुशासन, वातावरण, वालमैत्री, लैंगिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकुलन तथा विपद् ब्यबस्थापन जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु ब्यबस्था गरिएको छ ।

१. नेपालको संविधान २०७२

२. स्थानिय सरकार संचान ऐन २०७४ परिमार्जित २०७५
३. नेपाल सरकारको पन्ध्रौ योजना २०६७/०७७ देखि २०८०/०८१
४. कर्णली प्रदेशको प्रथम आवधिक योजना २०७७
५. दीगो विकासका लक्ष्य (सन २०१५ देखि २०३०)
६. स्थानिय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु
७. स्थानिय निकायमा रहेका राजनैतिक दलका नीति कार्यक्रम तथा प्रतिबद्धताहरु
८. स्थानिय तहको भौगोलक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था
९. नागरिकको चाहाना र स्थानिय आवश्यकता
१०. संघिय तथा प्रदेश सरकारबाट स्थानिय निककायमा हुने स्रोत प्रवाहको अवस्थार आन्तरिक आय
११. नेपाल सरकारले गरेका अन्तराष्टिय सन्धि सम्झौता र प्रतिबद्धताहरु

## १.७ संघिय सरकारको पन्ध्रौ योजना, कर्णली प्रदेशको प्रथम आबधिक योजना तथा दीगो विकासको लक्ष्यसंगको अन्तरसम्बन्ध

राज्यको पूर्नसंरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा वनाउने हुँदा तिनीहरु विचको अन्तर सम्बन्ध र तादात्म्यता हुनुपर्ने हुँदा यो आवधिक योजनामा पनि मध्यनजर गरिएको छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना वनाउँदा विशेष ध्यान दिइएको छ । नेपाल सरकारको पन्ध्रौ आबधिक योजना र कर्णली प्रदेश सरकारको प्रथम आबधिक योजनाका लक्ष्य, प्राथमिकता र कार्यक्रमहरु तथा दीगो विकासको लक्ष्यसँग यस योजनाको तादम्यता राख्ने प्रयत्न गरिएको छ । केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमहरुसंग यो आवधिक योजनालाई आवद्ध गरिएको छ ।

# परिच्छेद २

## गाउँपालिकाको समस्या, चुनौती, समष्टिगत सोच लक्ष्य उदेश्य र रणनीति

### २. पृष्ठभूमी

नेपालको संविधान २०७२ ले नेपाललाई एकात्मक शासन प्रणालीबाट संघात्मक ब्यबस्थामा रुपान्तरण गरेको छ । संघियतालाई मजबुत बनाउन तथा राज्यले प्रवाह गर्ने सेवामा नागरिकको सहज पहुँच र सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनको लागि नेपाल सरकारले **समृद्ध नेपाल सुखी नागरिक** भन्ने दीर्घकालीन सोच राखेर बि.स. २१०० सम्मको दीर्घकालिन योजनाको खाका तयार पारेको र सो का आधारमा पन्ध्रौ योजना तयार पारेको तथा सोही आधारमा कर्णाली प्रदेश सरकारले आफ्नो पञ्च बर्षिय योजना तयार पारेको छ । यसै सन्दर्भमा जगदुल्ला गाउँपालिकाले पनि राष्टिय तथा कर्णाली प्रदेशको सोच, लक्ष्य तथा उदेश्य प्राप्त गर्न टेवा दिने संकल्पका साथ गाउँपालिकाको समस्या, चुनौती, अवसर गाउँपालिकाको विद्यमान अवस्था, जन चाहना र गाउँपालिकामा उपलब्ध साधन स्रोतका आधारमा गाउँपालिकाको  तथा विकासका अन्य साझेदारहरुसंगको सहकार्यमा गाउँपालिकाको समग्र विकास गर्न यो योजना तयारी गरिएको छ ।

## २.१ गाउँपालिकाका समस्या तथा चुनौती

गाउँपालिकाको चौतर्फी विकासका लागि देखा परेका समस्या तथा चुनौती र विकासका अवसरहरु निम्न अनुसार रहेका छन ।

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| कृषि | मनसुनमा आधारित परम्परागत निर्वाहमुखी खेती प्रणली, अति न्यून उत्पादन र उत्पादकत्व, सुख्खा जमिन, (Low sachurated cultivated land) उत्पादित कृषि सामाग्रीको उचित मुल्यका साथ बजार ब्यबस्था नहुनु, कृषकले समयमा नै आवश्यक प्राविधिक ज्ञान र सल्लाह नपाउनु, कृषिका लागि आवश्यक मल र उन्नत जातको वीउबिजन उपलब्ध नहुनु, नागरिकमा ब्यबसायिक खेती सम्बनधमा चेतना, ज्ञान र चेतनाको कमी | कृषि पेशामा युवा बर्गको आकर्षण गरी यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्न, उच्च हिमाली क्षेत्र भएकोले एक खेति मात्र हुने । |
| पशु | उपभोगमा आधारीत निर्वाहमुखी परम्परागत रुपमा पशु पालन, पशु विमा कार्यकम प्रभावकारी रुपमा लागु नहुनु, पशुजन्य उत्पादित बस्तुको उचित मुल्यमा बिकी वितरण गर्न नसक्नु, पशु चरन क्षेत्र तथा खर्कको ब्यबस्थापन हुन नसक्नु आदी | पशुपालन ब्यबसायाई मर्यादित बनाई युवाको संलग्लता गरी आधुनीकरण गरी ब्यबसायिक बनाउन, पशु विमा कार्यकमलाई सहज रुपमा कृषक माझ पुर्‍याउन । |
| पर्यटन | पर्यटकका लागि सुविधा युक्त बसोबास तथा स्थानिय उत्पादन संग कमजोर सम्बन्ध हुनु, आवश्यकता अनुसार पर्यटन पूर्वाधारको विकास नहुनु, गाउँपालिक स्थित पर्यटकीय स्थलको प्रचार प्रसारमा कमी रहनु, पर्यटन प्रर्बद्धनका लागि मेला महोत्सव हुन नसक्नु, पर्यटन प्रबर्द्धनमा जनचासो कम हुनु, गाउँपालिकाको स्पष्ट पर्यटन विकासको रणनीति तथा रोड म्याप नहुनु । पर्यटन क्षेत्रमा संलग्न ब्यबसायि तथा जनशक्तिलाई उपयुक्त प्रशिक्षण तथाा तालिमा दिन नसक्दा स्तरिय सेवा र सुविधाा लिन एवै सेवा सुविधाको विस्तार गर्न नसक्नु, पर्यटन क्षेत्रका साझेदार सरकारी, सामुदायिक तथा निजि लगानीकर्ताहरु पूर्वाधार विकासमा भन्दा प्रर्बद्धनात्मक कार्यमा बढी संलग्न हुँदा पर्यटन पूर्वाधार क्षेत्रले लगानी कम हुनु, | स्थानिय उत्पादन संग सहकार्य गरी गुणस्तरीय पर्यटनका लागि पूर्वाधार विकास गर्न, पर्यटनजन्य कृयाकलापलाई वातावरणमैत्री बनाउन, पर्यटनको विकास मार्फत बहु संख्यक नागरिकको आयआर्जन संग जोड्न, रोजगारी सिर्जना र गरिवी न्यूनिकरणमा योगदान दिन । |
| शहकारी | शहकारी क्षेत्रको लगानी अनुत्पादक क्षेत्रमा प्रयोग हुनु, | शहकारी क्षेत्रको लगानीलाइ उत्पादन |

| | | |
|---|---|---|
| | शहकारीले प्रत्यक्ष उत्पादनको क्षेत्रमा लगानी नगर्नु, शहकारी क्षेत्र प्रविधि मैत्री तथा प्रतिस्पर्धी बन्न नसक्नु, पर्याप्त मात्रामा शिक्षा, तालिम र जनचेतनाको अभाव हुनु आदि । | क्षेत्रमा उत्प्ररित गर्न तथा शहकारीले सदस्यलाई स्वरोजगार बनाउन, शहकारीको उदेश्य, भावनाा र मर्म अनुसार कार्य गर्न आदि । |
| श्रम तथा रोजगार | नेपालको श्रम बजारको माग अनुसारको शिपमुलक दक्ष जनशक्ति नहुँदा युवाहरु बैदेशिक रोगारमा जानु पर्ने बाध्यता हुनु, यस क्षेत्रका मानिसको लागि आफ्नै खेतबारी बाहेक अन्य क्षेत्रमा श्रम गर्ने अवसर नहुनु विप्रेषण तथा स्वदेशमा गरिएको आम्दानीको अधिकांस रकम उपभोगमा खर्च हुनु | युवालाइ स्वरोगार बनाउन, बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन र विप्रेषण्लाई उत्पादनको क्षेत्रमा लागानी गर्न, स्वदेश तथा विदेशको श्रम बजारलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न आदि । |
| उद्योग तथा बाणिज्य | स्थानिय कच्चा पदार्थमा आधारित घरेलु उद्योगको पवर्द्धन नहुनु, स्थानिय स्तरमा ब्यबस्थित बजार क्षेत्र नहुनु, | स्थानिय कच्चा पदार्थमा आधारित घरेलु उद्योगको स्थापना गर्न र खाद्यान्न सामग्रीको आयतमुखी ब्यपारलाई स्थानिय कृषि उत्पादनले प्रतिस्थापन गर्न, निजि क्षेत्रको लागानी मार्फत ब्यबसाय विस्तार गर्न । |
| बन तथा वातावरण संरक्षण | संरक्षणमुखी बन रहेको हुँदा नागरिकको अर्थोपानर्जन संग कमजोर सम्बन्ध रहनु, बनको बैज्ञानिक ब्यबस्थापन हुन नसक्नु, बन क्षेत्रको बृद्धिका कारण समुदायमा बन्यजन्तुको आतंक बढेको । | बनको बैज्ञानिक ब्यबस्थापन गरी नागरीकको आयआर्जन संग सम्बन्धि स्थापित गर्न । |
| विपद् ब्यबस्थापन | पहिरोका तथा खोलाको कारण बस्तीहरु जोखिममा रहेको, पिडितलाई आवश्यकता अनुरमर राहात वितरण हुन नसकेको, पहिरोका कारण जोखिममा रहेको बस्तीलाइ सुरक्षित स्थानमा एकिकृित बस्तीको रुपमा विकास गरी बसाल्न नसक्नु, | राहात कोष ब्यबस्थापन गर्न, जोखिम युक्त घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न । |
| जलवायु परिबर्तन तथा अनुकुलन | जलवायुको प्रतिकुल असर स्थानिय उत्पादनमा परेको र सो अनुसारको अनुकुलन हुन नसक्नु, जलवायु परिबर्तन र अनुकुलनका क्षेत्रमा गाउँपालिकाले चासो नदिनु , | जलवायु परिबर्तनको असरलाई कम गर्न स्थानिय उत्पादन प्रणलीलाई समायोजन गर्न |
| विद्युत तथा उर्जा तथा बैकल्पिक उर्जा | केन्द्रिय ग्रिडको विधुत जडान नभएको, प्रति ब्यक्ति विद्युत खपत न्युन हुनु, कमजोर विद्युत लाईन, आवश्यक क्षमता अनुसार ट्रान्सफरमारको ब्यबस्था नहुनु, बैकल्पिक उर्जाको यथोचित प्रयोग हुन नसक्नु, | विद्युत प्रसारण लाईन ब्यबस्थित गर्न, जल विद्युत उत्पादनको प्रसस्त संभावना हुँदा हुँदै पनि भैगोलिक विकताका कारण सरकारी तथा निजि क्षेत्रको लगानी भित्र्याउन । |
| पूर्वाधार निर्माण | गाउँपालिकामा निर्माण गरिएका भौतिक पूर्वाधार दीगो तथा वातावरण मैत्री तथा अपाङ्ग मैत्री नहुनु र समयमै सम्पन्न नहुनु, आवश्यकता अनुसारका सरकारी कार्यालयको भवन नहुनु, निनि घरहरु तथा सरकारी कार्यालयहरु भूकम्प प्रतिरोधी नहुनु | पूर्वाधार निर्माण कार्यलाई दीगो र वातावरणमैत्री तथा अपाङ्ग मैत्रीका साथै निर्धारित समयमै गुणस्तर कायम गरी सम्पन्न गर्न |
| सिंचाई | मनसुनमा आधारित र नदि तथा खोलाका किनारी क्षेत्रमा मात्र सतही सिंचाई भएको तर टार र भिरालो जमिनमा सिंचाई नहुनु | टार तथा भिरालो कृषि योग्य जमिनमा खोलाबाट लिफ्टङ सिंचाई विस्तार गर्न |
| सुचना तथा संचार | गाउँपालिकाको सबै स्थानमा मोवाइल सुविधा सहज रुपमा उपलब्ध हुन नसक्नु, गाउँपालिकाको सबै स्थानमा इन्टरनेट सेवा विस्तार हुन नसक्नु, स्थानिय संचार माध्यमको सहज उपलब्ध नहुनु, पहुँच नहुनु । | गाउँ पालिकाको सबै स्थानमा इन्टरनेट तथा जी एस एम मोवाइल सेवाको पहुँच विस्तार गर्न । |
| खानेपानी तथा | खानेपानीको लागि दीगो रुपमा पानीको स्रोत भएर पनि | खानेपानीको भरपर्दो नियमित श्रोत हुँदा |

| | | |
|---|---|---|
| सरसफाइ | स्वस्थ खानेपानीको आपूर्तिमा कमी हुनु, जनचेतनाको कमि, फोहोर ब्यबस्थापनको लागि ल्याण्डफिल्ड साईटको ब्यबस्था नहुनु । | स्वच्छ र आवश्यकता अनुरुप खानेपानी उपलब्ध गराउन, फोहोरमैलाको दीगो रुपमा ब्यबस्थापन गर्न |
| स्वास्थ | नागरिकको आवश्यकता अनुरुपको स्वास्थ सेवाको पहुँच नहुनु । सामान्य प्राथमिक उपचार बाहेक अन्य सेवाको लागि जुम्ला, सुर्खेत जानु पर्ने, स्वास्थ संस्थामा आवश्यकता अनुसारको दक्ष जनशक्ति, औषधी र उपकरण नहुनु । | गाउँपालिकामा भएका स्वास्थ संस्थाको स्तरोन्नती गरी आवश्यक जनशक्तिको ब्यबस्था गरी स्वास्थ सेवामा पहुँच बढाउन, |
| शिक्षा | प्राविधिक तथा श्रम बजारको माग अनुरुपको दक्ष जानशक्ति उत्पादन गर्न नसक्नु, कमजोर शिक्षा प्रणाली, सरकारको लगानी अनुरुप शैक्षिक उपलब्धी हासिल नहुनू | शिक्षालाइ समय अनुकुल र भोलीको श्रम बजारको लागी आवश्यक जनशक्ति उत्पादन गर्ने शिक्षाको ब्यबस्था गर्न |
| लैंगिक समनता | कानुनी रुपमा लैंगिक तथा जातिय समानता को ब्यबस्था भए अनुरुप ब्यबहारमा नरहेको, | कानुनमा ब्यबस्था रहेको सामाजिक समनता ब्यबहारिक रुपमा लागु गर्न |
| योजना तर्जुमा तथा तथ्यांक ब्यबस्थापन | गाउँपालिकामा ब्यबस्थित तथ्यांक प्रणली नहुनु तथा कमजोर योजना कार्यान्यन प्रणली हुनु, क्षेत्रगत योजना नहुनु, दीर्घकालिन योजना बनेको भएता पनि गाउँपालिकाको स्पष्ट विकासको खाका नभएको, हाल सम्म गाउँपालिकाको आवधिक योजना नबनेको, विकासको दीर्घकालिन दृष्टिकोणका साथ बार्षिक योजना तयार नहुनु । | गाउँपालिकाका आवश्यक तथ्यांक संकलन तथा ब्यबस्था र बलियो योजना कार्यान्वय प्रणलीको ब्यबस्थ गर्न र संचानमा रहेका योजनाको प्रभावकारी अनुगमन गर्न |
| राजस्व संकलन र श्रोत परिचालन | आन्तरिक आयको भरपर्दो श्रोत नहुनु, गाउँपालिकाको सम्पूर्ण खर्च प्रदेश तथा संघिय सरकारमा भर पर्नु, राजस्व सुधार कार्य योजना तयार नहुनु | गाउँपालिकाको प्राकृतिक स्रोतलाई (बन, खानी, नदिजन्य सामाग्री) करको दायरामा ल्याउन, गाउँपालिका भित्र संचालनमा रहेका सबै ब्यबसायीलाइ करको दायरामा आबद्ध गराउन । |
| सुशासन | विद्युतिय शासनको पूर्ण अभ्यास नहुँदा नागरिकको काम तथा सार्वजानिक कामा अपेक्षित प्रभावकारिता कमि आउनु | विद्युतिय शासन प्रणलीको लागु गरि सार्वजानिक सेवा प्रवाह प्रभावकारी बनाउन |
| समग्रमा | कमजोर अबस्थाको पूर्वाधारका कारण यातायातमा सहजता नहुनु, कमजोर स्वास्थ अवस्था, न्युन आयका कारण बहुसंख्यक नागरिक गरिवीको रेखामुनी हुनु, | भौगोलिक विकटता, दक्ष जनशक्ति उत्पादन, बजार ब्बस्थापन गर्न, बसाइसराइ तथा युवा विदेश पलायन हुनबाट रोक्न, विद्यालय छोड्ने दर रोकन, सामाजिक कुरीति, युवाहरुलाई कुलतबाट बाहिर ल्याउन, नागरिकको नकरात्मक सोचलाई परिबर्तन गर्न |

## २.२ गाउँपालिकाका अवसर

नेपालको संविधान २०७२ ले स्थानिय निकायका २२ वटा एकल अधिकारको ब्यबस्था गरि आफ्नो गाउँपालिकाको विकासको खाका कोर्ने मौका दिएको, प्रदेश सरकार तथा केन्द्र सरकार संगको निकटतम सम्बन्ध रहनु, लगानीमैत्री वातावरणका सिर्जनाका लागि गाउँपालिका कटिबद्ध हुनु, गैर सरकारी संस्थाको सहयोग रहनु, जलविद्युत उत्पादनको क्षेत्रमा सरकारी तथा निजि क्षेत्रको आकर्षण बढेको, हिमाल तथा हिम ताल, प्राकृतिक सौन्दर्यता, युरिक भ्यालीले फिल्म बनाएको क्षेत्र भएको हुँदा पर्यटन विकासको प्रसस्त संभावना रहेको, यार्सा गुम्बा लगायतका बहुमुल्य जडिबुटीको खानी रहेको जसले त्यस गाउँपालिकाका नागरिकको आम्दानीमा ठूलो योगदान दिएको छ, जलविद्युत उत्पादनको प्रसस्त संभाबना रहेको आदि ।

## २.३ गाउँपालिकाका समृद्धिका मुख्य  तथा सहायक संवाहकहरु (Key Drivers of Prosperity)

जगदुल्ला गाउँपालिकाको समृद्धिका लागि मुख्य ८ वटा  र ४ वटा सहयोगी संवाहक क्षेत्रको पहिचान गरिएको छ ।

### १. मानव संसाधन विकासः

देशको आर्थिक तथा भौतिक विकासमा मानव संसाधनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । दक्ष जानशक्ति देश निर्माणको साधन मात्र होईन साध्य पनि  हो । शारिरिक तथा मानसिक रुपले सवल, सक्षम र कुशल मानवीय संसाधनले मात्र उत्पादाशील कियाहरुको विकास हुन गई गुणत्मक र परिमाणत्मक रुपमा आर्थिक तथा भौतिक विकासको दरमा बृद्धि हुन्छ । प्राविधिक तथा व्यबहारिक शिक्षा, तालिम प्राप्त दक्ष र सवल जनशक्ति नै गुणस्तर जनशक्ति नै मानव पूँजी हो जसले विकास निर्माण र उत्पादनका क्षेत्रमा उलेख्य योगदान पुर्‍याइ द्रुत आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । प्राविधिक ज्ञान र तालिम प्राप्त दक्ष जनशक्ति विना गाउँपालिकाको तथा समग्र देशको विकास संभव नहुने हुनाले जगदुल्ला गाउँपालिकाले यस गाउँपालिको समग्र विकासलाइ निर्देशित गर्ने तत्वको रुपमा मानव संसाधन विकास भएको ठहर गरेको हुँदा यस आवधिक योजनामा मानव संसाधन विकासमा विशेष जोज दिईने छ ।

यस गाउँपालिकामा १५ देखि ५९ बर्ष सम्मका कियाशिल जनशक्ति ६०.५ प्रतिशत रहेको छ । **जगदुल्ला गाउँपालिकाको धन, दक्ष जनशक्ति उत्पादन** भन्ने गाउँपालिकाको नारालाई सकार पार्न कियाशील जनशक्तिलाई दक्ष र सक्षम बनाइ गाउँपालिका तथा समग्र देशलाइ आवश्यक जनशक्ति तयार पार्नमा यो योजना केन्द्रित रहने छ ।

### २. कृषि तथा पशुपालनः

यस गाउँपालिकामा कुल क्षेत्रफलको ०.८ प्रतिशत भूमी कृषिका लागि योग्य रहेको र २१.९ प्रतिशत घाँसे मैदान रहेको छ । उच्च हिमाली षेत्र भएको हुँदा यस क्षेत्रमा व्यबसायिक स्याऊ, ओखर, बदाम खेती, तथा व्यबसायिक जडिबुटी खेती गर्न सकिने साथै प्रसस्त चरन क्षेत्र रहेको र चौरी, भेडा च्यांग्रा पालनको लागि अनुकुल हावापानी भएको हुँदा पशुपालन व्यबसायको प्रसस्त संभावना रहेको छ । यस क्षेत्रले रोजगारीको ६८ प्रतिशत र गाउँपासलकाको कुल गाह्रस्थ उत्पादनको ३२ प्रतिशत हिस्सा ओगटेको छ । यस क्षेत्रमा कृषि तथा पशुपालनको आधुनिक पद्धतिको प्रयोग गरि यान्त्रीकरण मार्फत कृषि तथा पशुपालनमा उत्पादन र उत्पादकत्व बृद्धि गरि लाभ लिन सकिने छ ।

### ३. पूर्वाधार विकासः

गाउँपालिकाको समग्र विकासमा सडक लगायत सम्पूण पूर्वाधारले अतुलनीय योगदान पुर्‍याएको हुन्छ । भर्खर मात्र सडक संजालले जोडिएको हुँदा  गाउँपालिकाको सडक पूर्वाधार कमजोर रहेको छ । ता पनि यस गाउँपालिकाको सबै जसो बस्तीमा कच्ची सडक पुगेको छ । सडक संजालले मुड्केचुला गाउँपालिका, डोल्पा जिल्लाको सदरमुकाम दुनै तथा मुस्ताङ जिल्ला  समेतलाई जोड्ने प्रकृयामा रहेकोले सडक संजालको स्तरोन्नती र विस्ताररले गाउँपालिकाको विकासमा कोशे ढुंगो सावित हुनेछ । उत्पादनमुखी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा पूर्वाधारको महत्वर्पूर्ण भूमिका रहेको हुँदा दीगो र वातावरणमैत्री पूर्वाधारको निर्माण मार्फत गाउँपीलकाको विकास गाउँपालिकाको विकासमा टेवा पुग्नेछ ।

### ४. जडिबुटी तथा बन पैदावारः

यस क्षेत्र उच्च हिमाली क्षेत्रमा रहेको हुँदा उच्च मुल्य पर्ने जडिबुटीको भण्डार नै हो भन्न सकिन्छ । नेपालकै सबैभन्दा राम्रो यार्सागुम्बा यसै क्षेत्रमा पाईन्छ । यार्सागुम्म्बा बाहेक २० प्रकारका भन्दा बदी बहुमुल्य जडिबुटी पाइन्छ । जडिबुटी संकलन तथा विकीबाट गाउँपालिकाको एक परिवारले सरदर पाँच लाख भन्दा बढी आम्दानी गर्दछन । जडिबुटी संकलन तथा बिकीबाट गाउँपालिकाको कुल गाह्रस्थ उत्पादनमा ३४.४ प्रतिशत योगदान पुर्‍याएको छ । यस क्षेत्रमा पाइने धुपी सल्लो धुपको लागि अति नै राम्रो मानिनछ र यसको विकी बाट पलि प्रशस्त आम्दानी गर्न सकिन्छ । यसको अलवा यस क्षेत्रमा सल्लो, देवदार पाइने हुँदा बनको बैज्ञानिक व्यबस्थापन मार्फत काठको निर्यात गरि प्रसस्त आम्दानी गर्न सकिने संभावना रहेको हुँदा यस योजनाले जडिबुटीको संरक्षण व्यबस्थापन गर्न, जडिबुटी प्रशोधन र यसको व्यबसायिक खेति गर्न तथा बलनको बैज्ञानिक व्यबस्थापनमा जोड दिइने छ ।

### ५. पर्यटनः
जगदुल्ला गाउँपालिका पर्यटनका दृष्टिकोणले आर्थिक उपार्जनकको केन्द्रविन्दु बन्न सक्ने संभावना रहेको छ । उच्च हिमाल, हिम ताल, प्राकतिक सौन्दर्यता र यस क्षेत्र फ्रान्सेली चलचित्र निर्माता युरिक भ्यालीले ठिन्ले तथा अन्य फिल्म बनाएको स्थान भएको हुँदा यस क्षेत्र पर्यटकका लागि छनौटमा पर्न सक्दछ । यस पालिकामा निःन पर्यटकीय क्षेत्र रहेका छन । जगदुल्ला ताल, कासीराल्वा ताल, वहिर पुदुवा ताल, लाताङ ताल, कान्जिरोवा हिमाल, आमाडोल्मा हिमाल, त्रिपुरा हिमाल, कासिराल्वा हिमाल, तिनचुलि हिमाल, खक्कर हिमाल, जगदुल्ला पाटन, पाइले हिमाल, सुक दह ताल, भालु पाटन, मौरे लेक वडा, पैजा पाटन, दुधकण्डली हिमाल, दुधकण्डली ताल, मालुवा हिमाल, खाज्य पाटन क्षेत्र, बयाल्दी पाटन क्षेत्र, हिमालमा पाइने कस्तुरी मृग, हिउँ चितुवा, पशु गोठ र अन्य मनोरम दृश्यहरु पर्यटक आकर्षका क्षेत्रहरु हुन । यसका अलवा यस क्षेत्रको धार्मिक। साँस्कृतिक र कामाजिक जनजीवन स्वदेशी तथा विदेशी पर्यटकका लागि अध्ययनको रुचिको विषय रहेको छ । हाल यस गाउँपालिकामा पर्यटनको आगमा अति नयून रहेको हुँदा यस क्षेत्रबाट आम्दानी पनि न्यून नै रहेको छ तर भविश्यका लागि यस क्षेत्रका लागि पर्यटन उदयमान आम्दानीको स्रोत बन्न सक्ने संभावना रहेको हुँदा गाउँपालिकाको मुख्य आर्थिक सर्मृद्धिको आधार मानिएको छ ॥

### ६. शुसासनः
गाउँपालिकाले सम्पादन गर्ने हरेक कार्य जनमुखी, नागरिक प्रति उत्तरदायी, विधिको शासनको स्थपना गर्न, समावेशी विकासमा गर्ने कार्यमा गाउँपालिकाका सबै अंगमा विद्युतिय सुशासनको अभ्यासले कार्य क्षमता बृद्धि र भ्रष्टचार निवारणमा सहयोग पुर्याई उच्च प्रतिफल प्राप्त गर्न सघाउने भएको हुँदा यस गाउँपालिकाको सर्मृद्धिको आधार शुसासन मानिएको छ ॥

### ७. जलश्रोत तथा उर्जा :
यस गाउँपालिकामा प्रमुख नदिको रुपमा जगदुल्ला खोला रहेको र अन्य साना खोलाहरु रहेकोले जलविद्युत उत्पादन गरी गाउँपालिकाको विकास र गाउँबासीको रोजगारी र आर्थिक समृद्धिमा टेवा पुग्ने प्रसस्त संभावना रहेको छ । हाल यस जगदुल्ला खोलाबाट १०१ मेगावाट जलविद्युत आयोजना संचालन हुने क्रममा रहेको छ ।

### ८. घरेलु तथा साना उद्योगः
स्थानिय स्तरमा उत्पादन हुने कच्चा पदार्थमा आधारित घरेलु उद्योगको विकास र विस्तार गरि रोजगारी सिर्जना तथा नागरिकको आयआर्जनमा सहयोग पुग्न सक्दछ । यस गाउँपालिकामा प्रसस्त मात्रामा अल्लो, गाँजा पाइने हुँदा यस बाट विभिन्न किसिमका कपडा निर्माण गर्न सकिने, प्रसस्त बन रहेको हुँदा बन पैदात्रारमा आधारित फर्निचर उद्योग, चिज उत्पादन उद्योग तथा जडिबुटी प्रशोधन उद्योग र स्थानिय स्तरमा उत्पादित कच्चा पदार्थमा आधारित उद्योग मार्फत गाउँपालिकाको आर्थिक विकासमा टेवा पुग्ने विस्वास छ । हाल गाउँपालिका भित्र २७ वटा घरेलु उद्योग संचालनमा रहेको र चौरीको दुधबाट चिज उत्पादन उद्योग संचालनको तयारीमा रहेको छ । हाल उद्योग क्षेत्रले ५० जना भन्दा बढीलाई रोगारी दिएको र गाउँपालिकाको कुल गाह्रस्त उत्पादनमा १.५ प्रतिशत योगदान दिएको छ ।

## २.४ गाउँपालिकाको समृद्धिका लागि ४ सहयागी क्षेत्रहरु (
**१ प्राकृतिक सौन्दर्य तथा जैविक विविधताः** गाउँपालिकामा रहेको प्राकृतिक स्रोत तथा जैविब विविधताले गाउँपाकिाको समृद्धिमा सहयोग पुर्याउने प्रसस्त संभावना रहेको छ । यहा रहेका हिमाल, हिमताल, बनजंगल, दृश्य अवलोकन स्थल तथा यहाँ रहेका बनस्पती तथा बन्यजन्तुको विविधताले पर्यटन ब्यबसाय विस्तार भई नागरिकको आम्दानीमा टेवा दिनेछ ।

**जडिबुटीः** जटामसी, कुट्की, बोजो, सतुवा, पदमचाल, पाँचऔले, सेतो चिनी, पाखनवेद, अतिस, सुगन्धवाल, वन लसुन, गुच्ची च्याउ, सेतोचिनी, चिराइतो, लौठ सल्लो, धुप जरी, बिष जरा, धुपी, हात्तीजरा, खिरङलो, निनयजरी, वायोजरी, सिलाजु, कालादाग, आदी ।

बनस्पतीः सल्ला, लालीगुराँस, चिमाल, खस्रु, बैंश, भ्mुला, चुत्रो, ढटेलो, स्याऊ, ओखर, मेल,रैंश, चुम्ली, पिपल, गुँयली, भालुफूल, आदी ।

**चरा चुरुङ्गी** : कालिज, डाँफे, चिल, लरुवा, भिर, लामपुच्छे, च्याखुरा, भँगेरा, मिसौली, भ्याँचर, तित्रा, गिद्ध, काग, बाज र, नावो टोटो, ढुकुर, च्यार, परेवा, भंगेरा, च्याखुरा, काँडे भ्याकुर, आदी ।
जनावर : कस्तुरी, भारल, थार, बँदेल, भालु, घोरल, बाँदर, स्याल, दुराँस, नाउर, रेडपाण्डा, रतुवा, बाँदर, , लरुवा, वन विरालो,वन कुकुर, ब्वाँसो, फयाउरो मुख्य रुपमा रहेका छन् ।
**ताल :** जगदुल्ला ताल, दुधकुण्डली ताल, कासीराल्वा ताल, बाहिरा पुदुवा ताल, लाताङ ताल र शुक दह ।
**हिमाल :** कान्जिरोवा हिमाल, दुधकुण्डली हिमाल, आमाडोल्मा हिमाल, त्रिपुरा हिमाल, कासिराल्वा हिमाल, तिनचुली हिमाल, खक्कर हिमाल र पाहिले हिमाल रहेका छन ।

**२. सामाजिक विविधता र सदभाव र सहअस्तित्वः** ऐतिहासिक महत्व बोकेको यस जगदुल्ला गाउँपालिका क्षेत्रमा साँस्कृतिक विविधता रहेको छ । यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू सँस्कृतिको अनुपम संगम रहेको छ । यस क्षेत्रमा क्षेत्री/ठकुरी, भोटे, दलित लगायत अन्य जातजातिका मानिसहरूको मिश्रित बसोबास रहेको पाइन्छ । धार्मिक रुपमा हिन्दू तथा वौद्ध धर्मालम्बीहरूको भण्डै समान बाहुल्यता रहेको लगायतका जातीहरु रहेको र उनीहरुको भाषा, धर्म तथा परम्परामा विविधता रहेको भएता पनि गाउँपालिकाको विकास आर्थिक तथा पूर्वाधार विकासमा सामाजिक सदभाव, एकता र सहअस्तित्व रहेको हुँदा गाउँपालिकाकको समृद्धिको महत्वपूर्ण सहयोगी हुनेछ ।

**३. धार्मिक तथा साँस्कृतिक सम्पदाः** ऐतिहासिक महत्व बोकेको यस जगदुल्ला गाउँपालिका क्षेत्रमा साँस्कृतिक विविधता रहेको छ । यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू सँस्कृतिको अनुपम संगम रहेको छ । यस क्षेत्रमा क्षेत्री, भोटे, दलित लगायत अन्य जातजातिका मानिसहरूको मिश्रित बसोबास रहेको पाइन्छ । धार्मिक रुपमा हिन्दूतथा वौद्ध धर्मालम्बीहरूको भण्डै समान बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशैं, तिहार, माघे सङ्क्रान्ति, चैते दशैं, साउने सङ्क्रान्ति, ल्होसार, आदि रहेका छन् । यसका अलावा मष्ट देवताको पनि पूजा गरिन्छ । धार्मिक तथा भाषिक रुपमा सद्भाव रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् ।

**४. जनसांख्यिक लाभः** गाउँपालिकाको समृद्धिको मुख्य संवाहकको रुपमा जनशक्ति उत्पादनलाइ मानेको हुँदा यस गाउँपालिकामा रहेको उर्जाशील जनशक्ति ५५.८१ प्रतिशत रहेको र यस जनशक्तिको परिचालनले गाउँपालिकाको आर्थिक तथा पूर्वाधार विकासमा मुख्य भूमिका निर्वाह गर्ने हुदा यस जनशक्तिलाइ योजना बद्ध तरिकाले परिचालन गर्न सके गाउँपालिकाको विकासमा महत्वपूर्ण सहयोगी क्षेत्र हुने विश्वास लिइएको छ ।

## २.५ दीर्घकालिन सोच, लक्ष्य उदेश्य र परिमाणात्मक लक्ष्य

### सोच

संघिय सरकारले राखेको समृद्ध नेपाल सुखी नागरिक  भन्ने सोचका आधारमा कर्णली प्रदेशले पनि **समृद्ध कर्णाली सुखारी कर्णलीबासी** भन्ने सोच राखेको  र सोही अनुरुप यस गाउँपालिकाले पनि आवधिक योजना तयारीका क्रममा छलफल हुँदा वि.सं २१०० सम्मको लागि  गाउँपालिकाको सोच निम्म अनुसार तय गरिएको छ ।

**"समृद्ध जगदुल्ला, सुखारी जगदुल्लाबासी"**

समुन्नत, समावेशी र शुसासन सहितको सवल अर्थतन्त्र, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवन स्तर भएको सुखी नागरिक बस्ने गाउँ ।

**गाउँपालिकाको दीर्घकालिन लक्ष्य**

| **१ समृद्धि (Prosperity)** | **२. सुख (happiness)** |
|---|---|
| १.१ सर्वसुलभ आधुकि तथा उत्थानशिल पूर्वाधार एबम् सघन अन्तर आबद्धता | २.१ परिस्कृत र मर्यादित जीवन |

| | |
|---|---|
| १.२ मानवपूँजी निर्माण तथा पूर्ण उपयोग | २.२ सुरक्षित, सभ्य र न्यायपूण समाज |
| १.३ उच्च र दीगो उत्पादन र उत्पादकत्व तथा प्रशोधन र बजारीकरण | २.३ स्वस्थ जीवन र सन्तुलित पर्यावरण |
| १.४ उच्च र समतामुलक आय | १.४ सुशासन तथा नागरिक मैत्री सेवा प्रवाह |
| | १.५ सामाजिक एकता, सदभाव र आत्मा सम्मान |

**आवधिक योजनाको लक्ष्य**

दीगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन एवम् प्रभावकारी विपद जोखिम न्यूनीकरण, पर्यावरणमा सन्तुलिन भई समतामूलक, समावेशि, सुशासन युक्त न्यायपूर्ण गाउँपालिका निर्माण भएको हुनेछ ।

**उदेश्य**

- उत्पादनजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्वमा बृद्धि तथा उद्यमशिलताको विकास र बजारीकरण मार्फत आत्म निर्भर अर्थतन्त्रको विकास गार्ने ।
- कृषि, पर्यटन, बैकल्पिक, उर्जा, उद्योग, उत्थानशिल पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामुलक उच्च आर्थिक बद्धि हासिल गरि समृद्ध गाउँपालिका र सुखी नागरिकको आधारशीला तथार गर्ने ।
- गुणस्तरीय तथा ब्यबहारिक शिक्षा, स्वास्थ्य, खानेपानी, तथा स्वच्छ वातावरणको पहुँचमा बृद्धि गरि सबै नागरिकलाई समता सामाजिक न्याय सहितको सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

**२.६ दीर्घकालिन रणनीति**

माथिको दीर्घकालीन, लक्ष्य तथा उदेश्य प्राप्त गर्नका लागि देहाय बमोजिमका रणनीति अवलम्बन गरिने छ ।

१. कृषिमा आधुनिकीकरण। यान्त्रीकरण र ब्यबसायिक कृषिमा जोड दिने ।

२. कृषि बालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि भूमीको चक्लाबन्दी र ब्यबसायिक कृषिमा जोड दिने ।

३. सुलभ तथा गुणस्तरीय स्वास्थ सेवा र प्राविधिक तथा ब्यबहारीक तथा शिपमुलक शिक्षा प्रदान गरि मानव पूँजी निर्माणमा जोड दिने ।

४. आर्थिक समता सहितको सामाजिक समनता र न्यायपूर्ण समाज निर्माणमा जोड दिने ।

५. आवास तथा पूर्वाधार विकासलाई दीगो र वातावरणमैत्री विकासमा जोड दिने ।

६. आय बृद्धिका लागि गाउँपालिकामा रहेका प्रकृतिक स्रोतको उचित परिचालन गर्ने तथा प्रदेश र संघिय सरकार संग समन्वय गर्ने ।

७. सुशासन, समानता र सामाजिक न्यायलाई केन्द्र बनाएर सेवा प्रवाह गर्ने ।

८. स्वदेशी विदेशी श्रम बजारलाइ आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

**२.७ परिमाणात्मक लक्ष्य**

गाउँपालिकाको आवधिक योजनाको अवधि २०८१/०८२ देखि २०८५/०८६ लाई अल्पकालीन र वि.स. २१०० सम्मको लागि दीर्घकालीन अवधी निर्धारण गरी समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरु निम्न अनुसार प्रस्ततुत गरिएको छ ।

तालिका नं १ : नेपाल सरकार, कर्णाली प्रदेश तथा गाउँपालिकाका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालिन तुलनात्मक परिमाणात्मक लक्ष्यहरु

| क.सं | सुचक | इकाई | राष्ट्रिय लक्ष्य | | | | कर्णाली प्रदेशको लक्ष्य | | | | गाउँपालिकाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | वि.सं २०७६/७७ | वि.सं. २०८०/८१ | वि.सं. २१०० | आधार बर्ष २०७५/७६ | वि.सं. २०७६/७७ | वि.सं. २०८०/८१ | वि.सं. २१०० | वि.सं २०७४/७५ को अवस्था | बर्षको २०७९/०८ | वि.सं. २०८५/०८६ | वि.सं. २१०० |
| १ | **समृद्धिका अल्पकालिन र दीर्घकालीन समष्टिगत आर्थिक सूचक** | | | | | | | | | | | | | |
| | सबै बालबालिकाको माध्यमिक तह सम्मको शिक्षामा पहुँच पुग्नुको साथै शिक्षाको गुणस्तरमा वृद्धि | कक्षा १ मा भर्नादर | प्रतिशत | ९७.२ | ९८ | ९९ | ९९ | १०० | १०० | १०० | गापा.शि.सा. प्रतिवेदन | गापा | | |
| | | आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर | प्रतिशत | ९२.८ | ९५.७ | ९९ | ९९ | १०० | १०० | १०० | गापा.शि.सा. प्रतिवेद | गापा | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको हुने । | | | | | | | | | | न | | | |
| | | आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | गापा.शि.सा. प्रतिवेदन | गापा.शि.सा. प्रतिवेदन | | |
| | | आधारभूत तह (कक्षा ६–८) मा खुद भर्ना दर | प्रतिशत | ८३ | ८५ | ९२ | ९५ | ९९ | ९९ | ९९ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| | | आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| | | माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्ना दर | प्रतिशत | ४७ | ५२ | ५५ | ६० | ६८ | ७० | ७० | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| | | विद्यालय शिक्षा (१–१२) मा शिक्षक विद्यार्थी अनुपात | अनुपात | | | | | | | | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| प्रतिफल १ | फरक क्षमता भएका विधार्थीहरुले शिक्षा प्राप्त गर्ने अवसर पाएका हुने | अपाङ्गता भएका बिधार्थी ले अध्यान गर्ने विशेष शिक्षा संचालन भएका विद्यालय संख्या | संख्या | – | – | – | १ | – | १ | १ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| प्रतिफल २ | शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि | विद्यालय भर्ना र टिकाउका लागि अभियान चलाउने खालका कार्यक्रमहरुको संचालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको हुने | शैक्षिक गुणस्तर अभिवृद्दिको लागि क्षमता विकास भएका शिक्षकहरुको संख्या | संख्या | | १० | १० | १० | १० | १० | ५० | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| | | विषयगत प्रयोगशाला, पुस्तकालय र प्रविधियुक्त भएका विद्यालय | संख्या | १ | १ | २ | २ | - | - | २ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| | | बालमैत्री पूर्वाधार भएका विद्यालय | संख्या | ८ | ९ | ९ | ९ | ९ | ९ | ९ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| | | विपद् जोखिम न्यूनीकरण सचेतना कार्यक्रम एवम् विद्यालयको पुन सवलिकरण गर्नेकार्यक्रमको संचालन भएका विद्यालय | संख्या | ८ | ९ | ९ | ९ | ९ | ९ | ९ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| प्रतिफल ३ | नमूना वाल विकास केन्द्र स्थापना भएका हुने । | तालिम प्राप्त गरी क्षमता विकास गरेका बाल विकास केन्द्रका शिक्षक | प्रतिशत | ८० | ९० | ९५ | १०० | १०० | १०० | १०० | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| प्रतिफल ३ | अपांगता भएका विद्यार्थीको लागि आवासीय विद्यालय भएको हुने । | आवासीय विद्यालय | संख्या | १ | १ | १ | १ | १ | १ | १ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |
| असर २ | दक्ष जनशक्ति उत्पादनका लागि आधुनिकिरण र प्रविधियुक्त | बहु प्राविधिक शिक्षलय | संख्या | | १ | १ | १ | १ | १ | १ | गापा | गापा.शि.सा. प्रतिवेदन | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयहरु भएका हुने । | | | | | | | | | | | | | |
| प्रतिफल १ | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय सम्बन्धि पठन पाठन हुने सामुदायिक विद्यालयको स्तरोन्ती साथै विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था भएको हुने | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय सम्बन्धि पठन पाठन हुने विद्यालय | संख्या | | १ | १ | १ | २ | २ | २ | ” | ” | | |
| | | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय अध्यान गर्ने विधार्थीको लागि छत्रावृत्ति वितरण | जना | २०० | २०० | २०० | २५० | २५० | २५० | २५० | ” | ” | | |
| | | विज्ञान र प्रविध प्रयोगशालाको संचान तथा सुदृढिकरण गर्ने विद्यालय | संख्या | १ | – | – | १ | १ | – | १ | ” | ” | | |
| प्रतिफल२ | माध्यमिक तहका कृषि, उधोग, जडीबुटी, उर्जा र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित ऐच्छिक विषयहरुको पाठ्यक्रम विकास कार्यक्रम निर्माण भएको हुने | स्थानीय विषय वस्तुमा आधारित पाठ्यक्रम को विकास | संख्या | | १ | – | – | – | – | १ | ” | ” | | |
| | | परम्परागत सीप विकासको लागि व्यवसायीक विषयको रुपमा पठन पाठन सञ्चालन भएका विद्यालय | संख्या | | | | | | | | ” | ” | | |
| | | व्यवसायीक तथा प्राविधिक शिक्षा संचालन गर्ने विद्यालय तथा शिक्षालयको विकास | संख्या | | १ | – | – | १ | – | २ | ” | ” | | |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि पाठ्यक्रम, पाठ्यपुस्तक विकास | संख्या | | | | | | | | ” | ” | | |
| असर ३ | साक्षरता दर र | पाँच वर्ष देखि माथिको | प्रतिशत | ७३ | ७६.७ | ८०.५ | ९० | ९४ | ९५ | ९५ | ” | ” | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जीवन उपयोगी शिक्षाको अवसर बडेको हुने | उमेर समूहको जनसंख्याको साक्षरता दर | त | | | | | | | | | | | |
| | | युवा साक्षरता दर (१५-२४ उमेर समूह) | प्रतिशत | ७९.८९ | ८७ | ९८ | ९९ | १०० | १०० | १०० | " | " | | |
| प्रतिफल १ | विद्यालय शिक्षामा जीवन उपयोगि सीप एकिकृत रुपमा समावेश भएको हुने | पाठ्यक्रमलाइ कार्यन्वयनमा जीवन उपयोगी सीप समावेश गर्ने विद्यालय | संख्या | | १ | १ | १ | – | – | ३ | " | " | | |
| प्रतिफल२ | साधारण विषयको पढाइ हुने माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको पढाइ भएको हुने | प्राविधिक तथा व्यवसायिकविषयहरुको पढाइ थप गर्न प्रोत्साहीत गरीएका विद्यालय | संख्या | १ | – | – | १ | – | – | २ | " | " | | |

## ४.२ स्वास्थ्य तथा पोषण
### ४.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्ने हक हुनेछ र सबैलाई आकस्मिक स्वास्थ्य सेवामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । अर्कोतर्फ दिगो विकास लक्ष्य ३ मा सबै उमेर समूहका व्यक्तिहरूका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्ने र राम्रो जीवनस्तर प्रबर्द्धन गर्ने उल्लेख छ । स्वस्थ मानवशक्ति विकास सुख र समृद्धिको अपरिहार्य आवश्यकता हो ।
बिश्वव्यापी कोरोना माहामारीका कारण स्वास्थ्यका कार्यक्रमहरु कार्यान्वयनमा कमीभई केही सूचकहरुमा नकारात्मक प्रभाव परेको छ । साथै कर्मचारी समायोजनले जनशक्ति अभाव भएको र करार कर्मचारीहरुलाई आबश्यक तालिम दिननसक्दा सेवाप्रवाहमा असर परेको छ । गाउँपालिकाबाट १५ शैयाको अस्पताल निर्माणको क्रममा रहेकोले निदानात्मक तथा उपचारात्क सेवा उल्लेख्य बृद्धि हुने भएको छ । स्वास्थ्यचौकी नभएको वडामा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँचमा बृद्धि भएको छ । सूचनाप्रबिधिको प्रयोगले अभिलेख तथा प्रतिबेदन प्रणालीमा सुधार भएको छ । नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन, ३ स्वास्थ्य चौकीमा बर्थिङ सेवा संचालनमा छन् भने १ स्वास्थ्य चौकीमा बर्थिङ सेवा संचालनको लागि पूर्वाधार तयार भएको छ । जेष्ठ नागरिकहरुलाई टोल टोलमा गई स्वास्थ्य सेवा विगत ३ वर्ष देखि संचालनमा छन् । गाउँपालिकामा हाल विभिन्न संघ संस्था मार्फत १ गाउँपालिकाको एम्बुलेन्स संचालनमा छन ।

### ४.२.२ प्रमुख समस्याहरु
जनताले अपेक्षा गरे अनुरुप गुणस्तर सहितको स्वास्थ्य सेवाको पहुँच र एकरुपता कायम गर्न नसक्नु, सेवामुलक तथा जनस्वास्थ्य प्रति उत्तरदायी सेवा तथा जनशक्ति पर्याप्त बिकास गर्न नसक्नु, स्वास्थ्य सेवामा लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु, सरकारी स्वास्थ्य संस्थामा आबश्यकता अनुसारको आधुनिक उपकरण र बिषेशज्ञ चिकित्सकहरुको अभावहुनु, सर्ने तथा नसर्ने रोगहरु, कुपोषण, दुर्घटना तथा बिपदजन्य स्वास्थ्य समस्या बिद्यमान रहनु, बिश्वव्यापीकरणसँगै खानपान तथा जिबनशैलीमा आएको परिबर्तनले नसर्ने रोगहरुको भार तथा मानसिक स्वास्थ्य समस्याहरु बढ्दै जानु प्रमुख समस्याहुन् । स्वास्थ्य सेवासँग सम्बन्धित जनशक्ति उत्पादन र उपयोगबीच सामन्यजस्यता हुन नसक्नु, जलबायु परिबर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक बिपदले हुने मानविय स्वास्थ्य समस्याहरु उत्पन्न हुनु, एन्टिबायोटिकको समुचितप्रयोग नहुँदा त्यसबाट हुने प्रतिजैबिक प्रतिरोध क्षमता बढ्दै जानु, बालबिबाह, किशोर अवस्थामा गर्भधानहुनु, ५ बर्ष मुनिका बच्चाहरुमा न्युनपोषण हुनु, समुदायमा प्रदान गरिने स्वास्थ्य सेवामा निजी क्षेत्रको सहभागिता, यथोचित सहकार्य तथा प्रभावकारी नियमन हुननसक्नु जस्ता समस्या रहेका छन् ।

### ४.२.३ चुनौती र अवसर
**चुनौती**

स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामुलक पहुँच स्थापित गर्नु, निःशुल्क गुणस्तरीय आधारभुत स्वास्थ्य सेवालाई सबै वडाबाट सर्बसुलभ रुपमा उपलव्ध गराउनु, अतिबिपन्न र जोखिममा परेका नागरिकलाई उच्चप्राथमिकतामा राख्दै स्वास्थ्य सेवाउपलब्ध गराउनु, स्वास्थ्यउपचारमा उच्च रहेको व्यक्तिगत खर्च घटाउनु, बित्तीय स्रोतको परिमाण निर्धारण र उपलब्धता सुनिश्चितता गर्नु, संघीय प्रणाली अनुरुप स्वास्थ्य संस्थाको व्यबस्थापन गर्नु, स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु, नाफामुलका स्वास्थ्य क्षेत्रलाई क्रमश सेवामुलका क्षेत्रमा रुपान्तरण गरी स्वास्थ्य क्षेत्रलाई मानव स्वास्थ्य प्रति जिम्मेवार बनाउनु, बढ्दो आधुनिकीकरण सँगै सिर्जना भएका जीवनशैलीका कारण स्वास्थ्य समस्याको समाधान गर्नु, स्वास्थ्य सुचना प्रणालीलाई थप व्यबस्थित तथा एकिकृत गरी तथ्यांकको प्रयोग गरी नीति तथा योजनामा प्रयोग बढाउनु, औषधीको व्यबस्थापन, नियमनतथा समुचित प्रयोगमा बृद्धि गर्नु र परिवार योजनामा अपरिपुर्त माग सम्बोधन गर्ने र न्युनपोषणको अबस्थालाई सुधार गर्नु जस्ताप्रमुख चुनौती रहेका छन् ।

**अवसर**

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई आधारभूत स्वास्थ्य र सफाईको अधिकार प्रदान गरेको, आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहनु, १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने

सरकारी नीति रहनु, सबै वडामा स्वास्थ्य संस्था र खोप केन्द्र उपलब्ध हुनु, राष्ट्रिय स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनमा रहनु, स्वास्थ्य गाउँपालिकाको प्राथमिकता र जनचासोको विषय रहनु, स्वास्थ्य सम्बन्धी काम गर्ने विभिन्न गैर सरकारी संस्थाको उपस्थिति हुनु, ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहको क्रियाशीलता, जडिवुटीहरूको उपलब्धता, सडक पहुँचको विस्तार हुने क्रममा रहनु, आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

### ४.२.४ लक्ष्य र उदेश्य

लक्ष्य

सबै वडाहरुमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय सेवाको पहुँच सुनिश्चित भएको हुने ।

**उद्धेश्य**

१. सबै वडाहरुमा सबै किसिमका स्वास्थ्य सेवाहरुको सन्तुलित विकास र विस्तार गर्नु ।

२. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाकोलागि स्थानीय सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिबृद्दि गर्दै नाफामुलक स्वास्थ्य क्षेत्रलाई सेवामुलक क्षेत्रको रुपमा क्रमशः रुपान्तरण गर्नु ।

३. बहुक्षेत्रीय समन्वय तथा साझेदारी सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवाप्रदायक र सेवाग्राहीलाई थपजिम्मेवार बनाउँदै स्वस्थजीवन शैली प्रबर्द्दन गर्नु ।

### ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उदेश्य १ सबै वडाहरुमा सबै किसिमका स्वास्थ्य सेवाहरुको सन्तुलित विकास र विस्तार गर्नु । | |
| १.१ .प्रतिकारात्मक, प्रबर्द्दनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूत देखि बिशिष्ठीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने । | १.१.१. निशुल्कअ ाधारभुत स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँचको लागि प्याकेज र प्रोटोकल तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.२. ग्रामीण क्षेत्रका नागरिकको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सर्बसुलभ रुपमा प्रवाह गर्न आधुनिक प्रबिधिको बिकास र विस्तार एबम निजी तथा सरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रमको कार्यबिधिबनाई कार्यान्वयन गरिनेछ ।<br>१.१.३. रोगको भार तथा लागत प्रभावकारीताको आधारमा समयानुकुल खोप सेवाहरु प्रदान गरिनेछ ।<br>१.१.४. आचार संहितामार्फत चिकित्सक, स्वास्थ्यकर्मी र बिरामीबीचको असल र सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.५ .सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न नेपाल स्वास्थ्यपूर्वाधार विकास मापदण्ड एवम् न्यूनतम सेवा मापदण्डलाई प्रभावकारी रुपमाकार्यान्वयनगर्दै आबश्यक बजेट सुनिश्चतगरिनेछ । |
| १. २. आयुर्बेद पद्धतीको विकास र विस्तार गर्ने । | १.२.१ स्थानीय स्तरमाउपलब्धऔषधीजन्य जडीबुटीका पहिचान,संकलन,संरक्षण र प्रबर्द्धनकोलागि संरचनानिर्माण गरिनेछ ।<br>१.२.२ प्रचलित प्राकृतिक चिकित्सा, आर्युवेद, योग, ध्यान, प्रणायाम मनोपरामर्श केन्द्रको स्थापना गरी स्वास्थ्य पर्यटनलाई प्रबर्द्धन गरिनेछ । |
| उदेश्य २ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाकोलागि स्थानीय सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन | |

| | |
|---|---|
| अभिबृद्दि गर्दै नाफामुलक स्वास्थ्य क्षेत्रलाई सेवामुलक क्षेत्रको रुपमा क्रमशः रुपान्तरण गर्नु । | |
| २.१..जीवन पथको अवधारणा अनुरुप सबै उमेर समुहका नागरिको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्बाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा बिस्तार गर्ने । | २.१.१ जीवनचक्रको अवधारणा अनुरुप मातृशिशु, बालबालिका, किशोरकिशोरीको सर्बाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथाबिस्तार गरिनेछ ।<br>२..१.२ सबै उमेर समुहका नागरिकको स्वास्थ्य आबश्यकतालाई सम्बोधनगर्न जीवनपथको अवधारणा अनुरुप स्वास्थ्य सेवालाई जेष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गतामैत्री बनाइनेछ ।<br>२.१.३. बिभिन्न उमेर समुहमा हुन सक्ने स्वास्थ्य जोखिम शीघ्र पहिचान गर्न नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिनेछ । |
| २.२. सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य बिपद ब्यबस्थापन पूर्ब तयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वास्थ्य प्रणाली सहितका एकिकृत उपाय अबलम्बन गर्ने । | २.२.१. सर्ने तथा नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण, उपचार तथा निवारणका लागि पालिका स्तरमा एकीकृत निकायको बिकास गरी कार्यक्रम कार्यान्वियन गरिनेछ ।<br>२.२.२ .मानसिक स्वास्थ्य सेवाको पहुँलाई सबै वडाहरुमा बिस्तार गरिनेछ । |
| उदेश्य ३ बहुक्षेत्रीय समन्वय तथा साझेदारी सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवाप्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउँदै स्वस्थ जीवनशैली प्रबर्द्दन गर्ने । | |
| ३.१ .स्वास्थ्य सूचना प्रणालीहरुलाई थप व्यबस्थित, एकिकृत र प्रबिधीमैत्री बनाउदै स्वास्थ्य सम्बन्धी तथ्यांकको प्रयोग नीति निर्माण तथा निर्णय प्रक्रियामा बढाउने । | ३.१.१. स्वास्थ्य तथ्यांक व्यवस्थापनलाई गुणस्तरीय तथा प्रबिधिमैत्री बनाई नीतितथा निर्णय प्रक्रियामा तथ्यांकको प्रयोगलाई बढावा दिइनेछ ।<br>३.२.२ .स्वास्थ्य संस्था तहमा तथ्यांक व्यवस्थापनलाई प्रबिधिमैत्री बनाई स्वास्थ्य संस्थाबाटै नै बिद्युतिय प्रतिवेदनगर्ने र क्रमश:बिद्युतिय स्वास्थ्य अभिलेखलाई सबै स्वास्थ्य संस्थामा बिस्तार गरिनेछ । |
| ३.२ .बहुक्षेत्रीयपोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रुपमाकार्यान्वयनगर्ने । | ३.२.१. बहुक्षेत्रीयपोषण योजना अनुरुप स्थानीयतहमा गठित पोषण सम्बद्ध संयन्त्रलाई पोषण सुधार योजना सहित सुदृढ बनाउदै बिशेष पोषण कार्यक्रम संचालन गरिनेछ ।<br>३.२.२. कुपोषण न्युनीकरण गर्न गुणस्तरीय एबं स्वास्थ्यबर्द्धक खाद्यपदार्थको पहुँच र उपभोग बढाउदै स्वास्थ्य बानी व्यवहारलाई प्रबर्द्धन गरिनेछ । |

### ४.२.६ कार्यकमका प्राथमिकता

१. प्रयोगशाला सेवा विस्तार

२. स्वास्थ्य कर्मीहरुको व्यवस्थापन र क्षमता विकासमा जोड दिने ।

३. स्वास्थ्य संस्थाहरुमा सूचना प्रविधिको व्यवस्थापन कार्यलाइ जोड दिने ।

४. स्वास्थ्य सेवा सम्बन्धी नीति, ऐन, मापदण्ड कार्यविधि आदि तयारी गर्ने ।

५.मानसिक स्वास्थ्य उपचारका सम्बन्धमा चेतना अभिबृद्धि तथा परामर्श सेवा प्रदानलाइ जोड दिने ।

६.स्वास्थ्य चौकी र आयुर्वेदिक स्वास्थ्य केन्द्रको भवन पुनर्निर्माणमा जोड दिने ।

### ४.२.७ कार्यक्रम नतिजा तथा बजेट

| क.सं | | कार्यक्रमतथाक्रियाकलाप | इकाइ | परिमाण | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कखग | स्वास्थ्यचौकी स्तरोन्नती तथा व्यबस्थापन | संख्या | ४ | १२०० | १३०० | १४०० | १५०० | ३२०० | ८६०० |
| | गकख | अस्पताल भवन निर्माण | संख्या | १ | १५००० | १५००० | २५००० | १५००० | ४५०० | ७४५०० |
| ३ | क | गाउँघर क्लिनिक संचालन | पटक | १५ | ६०० | ६०० | ६०० | ७०० | ७०० | ३२०० |
| ४ | क | औषधीखरिद तथा स्वास्थ्य सामाग्रीखरिद | पटक | १० | २५०० | ३००० | ३५०० | ४००० | ५००० | १८००० |
| ५ | क | घुम्ती स्वास्थ्य सेवा सञ्चालन | पटक | १० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| ६ | कग | मातृशिशु तथा प्रजनन सेवा संचालन | पटक | नियमित | १८०० | १८०० | १८०० | २००० | २००० | ९४०० |
| ७ | क | प्रयोगशाला व्यबस्थापन तथा संचालन | पटक | नियमित | १५०० | १५०० | १६०० | १६०० | १८०० | ८००० |
| ८ | कग | गर्भवती तथा नवजात शिशु स्याहार प्रोत्साहन कार्यक्रम | पटक | नियमित | ६०० | ६०० | ६०० | ६०० | ९०० | ३३०० |
| ९ | क | सामुदायिक स्वास्थ्य इकाइ संचालन | पटक | नियमित | ६०० | ६०० | ७०० | ९०० | १२०० | ४००० |
| ११ | क | स्वास्थ्य स्वयं सेविका प्रोत्साहन भत्ता | जना | १० | १२०० | १२०० | १२०० | १३०० | १४०० | ६३०० |
| १२ | क | आयुर्बेदिक शिविर संचालन | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | १२०० | ३२०० |
| १३ | कघङ | स्वास्थ्य शिविर संचालन | पटक | ५ | १५०० | १५०० | १६०० | १७०० | १८०० | ८१०० |
| १४ | क | कर्मचारी तालिम तथा प्रोत्साहन भत्ता | पटक | ५ | ९०० | ९५० | १००० | १०५० | ११०० | ५००० |
| १५ | क | कार्यालय व्यवस्थापन | पटक | ५ | ७०० | ७६० | ८२० | ८८० | १५०० | ४६६० |
| १६ | कख | अस्पताल संचालन तथा व्यबस्थापन खर्च | पटक | २ | ० | ० | ० | ३००० | ४५०० | ७५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | कग | ५ बर्षमुनीका वालवालिकाका लागि पोषण कार्यक्रम | पटक | ५ | ६०० | ६५० | ७०० | ७५० | ९०० | ३६०० |
| १८ | कखग | स्वास्थ्य कर्मिहरुको लागि क्षमता विकास तालिम | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ६०० | २६०० |
| १९ | क | नागरिकहरुको लागि स्वास्थ्य शिक्षा कार्यक्रम | प्याकेज | ५ | ३०० | ३०० | ३०० | ३०० | ३५० | १५५० |
| २० | कखग | महामारी रोकथाम, व्यवस्थापन तथा निशुल्क स्वास्थ सेवा कार्यक्रम | प्याकेज | | १२०० | १२०० | १२०० | १२०० | १५०० | ६३०० |
| २१ | क | जटिलतायुक्त गर्भवति सुत्केरी पोषण यातायात, एम्बुलेन्स खर्च सहयोग कार्यक्रम | प्याकेज | | १२५० | १३०० | १३५० | १४०० | १८०० | ७१०० |
| २२ | क | मानसिक स्वास्थ्य सम्बन्धि चेतना अभिवृद्धि तथा मनोसामाजिक परामर्शसेवा संचालन कार्यक्रम | प्याकेज | | ५५० | ५५० | ५५० | ५५० | ६५० | २८५० |
| २३ | कख | प्रसुतिगृह (barthing Center) संचालन तथा व्यवस्थापन | संख्या | ३ | ६०० | ८०० | १००० | १२०० | १४०० | ५००० |
| २४ | क | निशुल्क स्वास्थ बिमा कार्यकम | निरन्तर | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| | | जम्मा | | | ३५७०० | ३६७१० | ४८०२० | ४२७३० | ४०१०० | २०३२६० |

## ३.२.८ सुचक तथा नतिजा खाका

तलिका नं ३.२.३ स्वास्थ क्षेत्रको सुचक तथा नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सुचक | ईकाइ | आधार बर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | | | | |
| प्रभाव | गुणस्तरीय | औषत आयु | बर्ष | | ६५ | ६६ | ६७ | ६८ | ७२ | ७२ | गापा.स्वा.सा.प्रि | स्वा.शा | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच विस्तार भएको हुने | | | | | | | | | | तवेदन | | | |
| | | कुलप्रजनन दर | प्रतिशत | १.२ | | | | | | १.२ | | | | |
| | | मातृ मृत्यु दर प्रति हजारमा | दर | ३ | ३ | २ | १ | १ | ० | ० | गापा.स्वा.सा.प्रतिवेदन | साविम | | |
| | | ५ वर्ष मुनिका बाल मृत्यु दर प्रति हजार जिवित जन्ममा | दर | ५ | ४ | ३ | २ | १ | १ | ० | " | " | | |
| | | नवजात शिसु मृत्यु दर प्रति हजार जिवित जन्ममा | दर | ५ | – | ४ | ३ | २ | १ | १ | " | " | | |
| असर १ | निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच विस्तार भएको हुने | दक्ष प्रसुति कर्मिको सहयोगमा बच्चा जन्म गराइएको अनुपात | अनुपात | ६५ | ७० | ८० | ८५ | ९० | १०० | १०० | " | " | | |
| | | स्वस्थ्य संस्थामा बच्चा जन्माउने प्रतिशत | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | ९८ | ९८ | " | " | | |
| | | ३० मिनेटको पैदल यात्रामा स्वास्थसेवा लिने जनसंख्या | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | १०० | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्थिङ् सेन्टरहरु | संख्या | ३ | | | | १ | | ४ | ” | ” | | |
| प्रतिफल १ | आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित भएको हुने | प्रयोगशाला (ल्याब) सेवा सुदृढिकरण | संख्या | ० | – | १ | – | – | १ | २ | ” | ” | | |
| | | स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ क्याम्प संचालन | पटक | १ | २ | २ | २ | २ | २ | १० | ” | गापास्वासा | | |
| प्रतिफल२ | स्वास्थ्य सेवा सुधार तथा विस्तारको साथै जेष्ठ नागरिक, लैगिक तथा अपाङ्गमैत्री भएका हुने | स्वास्थ्य संस्थाहरुको संख्या | संख्या | ५ | – | – | – | – | १ | ६ | गापा.स्वा.सा.प्रतिवेदन | साविम | | |
| | | जेष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री स्वास्थ्य संस्थाहरुको संख्या | संख्या | २ | | १ | १ | १ | १ | ६ | ” | ” | | |
| प्रतिफल ३ | मानसिक स्वास्थ्य सेवाको विकास तथा विस्तार भएको हुने | मानसिक स्वास्थ्य सेवाको विकास तथा विस्तार भएको स्वास्थ्य संस्थाहरु को संख्या | संख्या | ० | – | – | – | – | १ | १ | ” | ” | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर २ | आम नागरीकमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धिको साथै स्वास्थ्य तथा पोषणको सुचकमा सुधार भएको हुने | विद्यालय तह र समुदाय स्तरसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम | प्याकेज | १ | २ | २ | २ | २ | २ | १० | " | गापास्वाशा | | |
| | | स्वास्थ्य बीमा संबन्धि चेतना अभिवृद्धि | प्याकेज | ० | १ | १ | १ | १ | १ | ५ | " | गापास्वाशा | | |
| | | महामारी , सर्ने र नसर्ने रोगहरु बारे सचेतना कायक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ६ | " | गापास्वाशा | | |
| रप्रतिफल १ | एकिकृत रुपमा स्वास्थ्य सेवा संचालन भएको हुने | एकिकृत रुपमा स्वास्थ्य सेवा संचालन | संख्या | २ | २ | २ | २ | २ | २ | १० | " | गापास्वाशा | | |
| | | स्वास्थ्य सेवा संबन्धि पारिवारिक बिबरण (Family Profile) तयार गर्ने | निरन्तर | ० | १ | १ | १ | १ | १ | १ | " | गापास्वाशा | | |
| प्रतिफल | स्वास्थ्यलाइ | स्वाथ्यलाइ | निरन्त | | | | | | | ३ | " | सबै सरोकारवालाहरु | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्रतिकुल असर गर्ने अखाद्य वस्तुहरुको मिसावट र नियन्त्रण तथा नियमन भएको हुने | प्रतिकुल असर गर्ने अखाद्य वस्तुहरुको मिसावट र नियमन तथा नियन्त्रण | र | | | | | | | | | को सहयोग | | |
| प्रतिफल ३ | स्वास्थ्य बानी र व्यवहारको प्रवर्द्धनको साथै कुपोषण न्यूनीकरण भएको हुने | कुपोषण न्यूनीकरणका लागि स्वास्थ्य बानी र व्यवहारको प्रवर्द्धन | प्याकेज | | १ | निरन्तर संचालन | निरन्तर संचालन | | | १ | " | सबै सरोकारवालाहरु को सहयोग | | |
| असर ३ | सरुवा रोग सम्बन्धी जोखिम न्यूनिकरण भएको हुने | सरुवा रोग सम्बन्धी जोखिम न्यूनिकरण भएको हुने | निरन्तर | | १ | | | | | | " | गापास्वाशा | | |
| प्रतिफल १ | विपद्को संबोधन गर्न स्वास्थ्य कर्मिको टोलि परिचालन भएको हुने | विपद तथा महामारीको तत्काल सम्बोधन,साधन सम्पन्न अस्पताल, तालिम प्राप्त चिकित्सक, र स्वास्थ्यकर्मिको टोलिलाई प्रभावकारी | प्याकेज | | १ | निरन्तर संचालन | निरन्तर संचालन | | | १ | " | सबै सरोकारवालाहरु को सहयोग | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिचालन | | | | | | | | | | | | |
| प्रतिफल २ | विपद व्यवस्थापनका एकिकृत उपायहरु अवलम्बन गर्ने । | एम्बुलेनस सेवाको एकिकृत विकास, | प्याकेज | | १ | निरन्तर संचालन | निरन्तर संचालन | | | १ | ” | सबै सरोकारवालाहरुको सहयोग | | |

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ बर्तमान अवस्था

यस गाउँपालिकामा खानेपानीका मुहान रहेका र  खानेपानीको पर्याप्त मात्रामा छ। हाल सम्म ........... वटा योजना संचालनमा रहेका छन । सबै योजना ग्राभिटिमा आधारित रहेका छन । जगदुल्ला गाउँपालिका सबै घरधुरीमा "एक घर एक धारा" अभियान सम्पन्न गर्ने उद्देश्यका साथ अघि बढेकोमा चालु आर्थिक वर्षसम्ममा ........ घरधुरीमा धारा जडान भैसकेकोछ र बाँकी परिवारलाइ आगामी आर्थिक बर्षमा पुरा गर्ने लक्ष्य रहेको छ । गाउँपालिकाका करिब ८५ प्रतिशत घरधुरीमा पाइप द्धारा सुद्ध वितरण भएको छ ।

यस गाउँपालिकाको फोहारे ब्यबस्थापनको लागि ब्यबस्थित ल्याण्डिफिल्ड साइड नरहेको भएता पनि गाउँपालिकाका मुख्य बस्ति क्षेत्र तथा सार्वाजानिक स्थानमा डस्टविन राखिएको छ । गाउँपालिका पूर्ण रुपमा खुला दिशामुत्त रहेको छ ।

### ४.३.२ प्रमुख समस्या

- जलवायु परिवर्तनको कारण खानेपानीका स्रोतहरु सुक्नु,
- विपन्न र जोखिममा रहेका परिवारहरुको खानेपानीमा कम पहुँच र अतिनै न्यूस्तरको सरसफाइको वातावरण हुनु ।
- माग अनुसारको आपुर्ति हुन नसक्नु ।
- फोहोर मैला ब्यबस्थापन ब्यबस्थापनमा जनचेतनामा कमी रहेको ।
- फोहोरि मैलाको उचित ब्यबस्थापन हनुनु ।
- फिल्टर गरेको शुद्ध पानेपानी वितरण नहुनु ।

### ४.३.३ चुनौती र अवसर

**(क) चुनौती**

- खानेपानीको आपूर्ति नियमित र भरपर्दो बनाउनु तथा गुणस्तरीय र शुद्ध खानेपानी आपूर्ति गर्न
- फोहोरमैला ब्यबस्थापन गर्न
- जनसमुदायलाई जनस्वास्थका विषयमा सुसुचित गर्न ।

**(ख) अवसर**

- खानेपानी तथा सरसफाई सुविधालाई नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको
- खानेपानी तथा सरसफाईका लागि तिनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु
- आयोजनाको छनौट, संचालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको चासो बढ्दै जानु
- खानेपानीका मुहान प्रसस्त मात्रामा हुनु ।

### ४.३.४ लक्ष्य, उद्देश्य

**लक्ष्य**

गुणस्तरीय र सर्वसुलभ रुपमा खानेपानी उपलब्ध हुनेगरि हरेकको घरमा धारा तथा सरसफाई सेवाको पहुँच विस्तार भएको हुने ।

**उद्देश्य**

१. गाउँपालिकाका सबै घरपारिवारमा सत प्रतिशत आधारभूत तथा ५० प्रतिशत मध्यम गुणस्तरको खानेपानी वितरण गर्नु ।

२. गाउँपालिकाका हरेक टोलमा आधारभूत तथा मध्यम स्तरको सरसफाइ सुविधा सत प्रतिशत पुर्‍याउने ।

### ४.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उदेश्य १: गाउँपालिकाका सबै घरपारिवारमा आधारभूत तथा मध्यम गुणस्तरको खानेपानी वितरण गर्नु । | |
| १.१ एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने । | १.१.१ एक घर एक खानेपानी धारा निर्माण कार्यक्रम अन्तरगत बाँकी रहेका कार्यक्रमलाइ पूर्णता दिइनेछ । |
| १.२ खानेपानी मुहानको आसपासमा रुख कटान, वन फडानी नियन्त्रण गर्ने । | १.२.१ पानीका मुहान वरपर वृक्षारोपण गरिनेछ<br>१.२.२ पानीको मुहान संरक्षणको लागि तारवार घेरा निर्माण गरीनेछ ।<br>१.२.३ आयोजनाहरुको जलाधार क्षेत्र तथा मुहान संरक्षण सम्बन्धि कार्यक्रममा जोड दिइनेछ ।<br>१.२.४ नागरिक सचेतना सम्बन्धि कार्यक्रमहरु संचालन गरीनेछ ।<br>१.२.५ स्वच्छ खानेपानी वितरणका लागि मुहान सुधारका साथै पानी वितरण पूर्व प्रशोधन गरिनेछ । |
| उदेश्य २: गाउँपालिकाका हरेक टोलमा आधारभूत तथा मध्यम स्तरको सरसफाइ सुविधा ४० प्रतिशत पुर्‍याउने । | |
| २.१ गाउँपालिका भित्रका सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको सुविधाको ब्यबस्था गर्ने । | २.१.१ सबै घरमा व्यवस्थित चर्पीको व्यवस्था गरिने छ ।<br>२.१.२ चर्पी बनाउन नसक्ने अतिविपन्न परिवारलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>२.१.३ पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि फोहोर विसर्जन वास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिने छ ।<br>२.१. प्रमुख वस्ती र बजार केन्द्रहरूमा सार्वजनिक सौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ ।<br>२.१.५ सबैलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव तथा पशु उत्सर्जीत मलमूत्र र फोहर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्न सहयोग पुर्‍याइने छ । |
| २.२ गाउँपालिकाका सम्पूर्ण टोल बस्तीहरुमा सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यकम संचालन गर्ने । | २.२.१ गाउँपालिकाका, विद्यालयका विद्यार्थी, युवा क्लव, आमा समुह तथा टोल विकास संस्था मार्फत सरसफाइ सम्बन्धि जनचेतनामुलक तालिम संचालन गरिनेछ ।<br>२.२.२ स्थानिय टोलबासीको संलग्नतामा सात्ताहिक रुपमा टोल सरसफाइ कार्यकम संचालन गरिने छ ।<br>२.२.३ घरबाट निस्कने फोहोरलाई घरमानै ब्यबस्थापन गर्ने सम्बन्धि तालिम उपलब्ध गराउने । |

### ४.३.६ कार्यक्रमका प्राथमिकता

१. जलाधार क्षेत्र तथा मुहान संरक्षणको लागि तारवार घेरा
२. एक घर, एक धारा, एक चर्पी
३. जनशक्ति उत्पादन तथा तालिम
४. बृहद खानेपानी योजना संचालन

### ४.३.७ कार्यक्रम नतिजा तथा बजेट

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | जम्मा.......... |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कखग | नयाँ खानेपानी योजना संचालन | संख्या | १ | ५००० | १५००० | १२०००० | ५००० | ५००० | १५०००० |
| ३ | क | एक घर एक खानेपानी कार्यक्रम | संख्या | ४५० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| ४ | कख | पुराना खानेपानी योजना मर्मत संभार र संचालन | संख्या | १० | ६०० | ७०० | ८०० | ९०० | १००० | ४००० |
| ५ | क | खानेपानी मुल संरक्षण कार्यक्रम | संख्या | ६ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ६ | कखग | खानेपानी शुद्धिकरण कार्यक्रम | संख्या | ३ | ३०० | १५०० | १८०० | २५०० | ३००० | ९१०० |
| ७ | क | उपभोक्ता समिति, प्लम्बर, मिटिर रिडर, पम्प अपरेटरको क्षमता तथा दक्षता अभिबृद्धि तथा तालिम कार्यक्रम | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ८ | क | खानेपानी तथा फोहरमैला व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम | पटक | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ९ | क | टोल सरसफाइ अभियान संचालन | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १० | कख | फोहोरमैला व्यस्थापन कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ११ | क | विद्यालय तथा समुदायमा आधारित सरसफाइ सम्बन्धि जनचेतना मुलक कार्यक्रम तथा तालिम संचालन | पटक | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| | | जम्मा | | | ९८०० | २११०० | १२६५०० | १२३०० | १२९०० | १८२६०० |

## ३.२.८ सुचक तथा नतिजा खाका”

| नतिजाको स्तर | नतिजा............................. | सुचक ................... | ईकाइ | आधार बर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८१/०८२ | २०८१/०८२ | २०८१/०८२ | २०८१/०८२ | | | | | |
| प्रभाव | आधारभूत तथा गुणस्तरिय पानीको उपभोग र सरसफाइमा नागरिकको पहुँच बृद्धि भई स्वस्थ जनशक्ति उत्पादनमा योगदान पुगेको हुने | औषत आयु | | | | | | | | | | | | |
| असर १ | गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार भएको हुने | गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच पुगेको जनसंख्या | प्रतिशत | १० | १५ | २० | ४० | ५० | ६० | ६० | गापा प्रतिवेदन | गापाखापास.सा. | | |
| प्रतिफल १ | एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध भएको हुने | सेफ्टि ट्याङ्की निर्माण तथा सरसफाइ | संख्या | | १ | १ | १ | | | ३ | ” | ” | | |
| | | एक घर एक खानेपानी निर्माण कार्यक्रम | संख्या | | १०० | १०० | १०० | | | ३०० | ” | ” | | |
| | | खानेपानी शुद्धिकरण कार्यक्रम (३ वटा ठुला खानेपानी योजनाको) | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खानेपानी तथा फोहरमैला व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | फोहोरमैला व्यस्थापन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | | ४ | " | " | | |
| प्रतिफल २ | सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास बडोत्तरी भएको हुने | सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास | प्याकेज | १ | निरन्तर संचालन | निरन्तर संचालन | निरन्तर संचालन | | | निरन्तर संचालन | " | " | | |

## ४.४ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण

### ४.४.१ पृष्ठभूमि

सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरूको छन । सामाजिक वञ्चितीकरणमा परेका समूहहरूमा महिला, दलित, आदिवासी जनजाति, बालबालिकाहरू र ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू कानुनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घर-परिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरूमा वञ्चितीकरण स्पष्ट रूपमा विद्यमान रहेको देखिन्छ । त्यसै गरी लैङ्गिक सम्बन्धहरू नेपालका सबै सामाजिक समूहहरूमा विभेदका भिन्न-भिन्न परिमाणमा विद्यमान रहेका छन ।

नेपालको संविधान, २०७२ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत 'महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने प्रावधान रहेकोछ । साथै राज्य संरचनाका सबै अङ्गहरूमा दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यसमेतमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ ।

यस गाउँपालिकामा जम्मा जनगणना २०७८ अनुसार  जम्मा २५२७ जनसंख्या मध्ये महिलाको प्रतिशत ५१.०६ प्रतिशत रहेको छ । यसै गरी दलितको २३.८ प्रतिशत र जनजातिको २०.१ प्रतिशत, बालबालिकाको (०-१४) ३८.५ प्रतिशत, जेष्ठ नागरिक ५.६ .प्रतिशत, र १.४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन । दीगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण विषय समावेश भएको छ । संविधानको मर्म अनुरुप सामाजिक समानता कायम गर्न कार्यक्रहरु संचालन गर्ने आवस्यक्ता रहेको छ ।

### ४.४.२  प्रमुख समस्याहरु

महिला पुरुष बीचको असमानता शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु, महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा बाल मैत्री पूर्वाधारको कमी, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

महिला तथा पुरुषमा असमान ज्याला, महिला हिंसा तथा घरेलु हिँसा कायमै रहेको, सम्वन्ध विच्छेद बढ्दो क्रममा रहेको, बाल विवाह अझै पनि कायम रहेको, एकल महिलालाई हेर्ने दृष्टिकोणमा सुधार आउन नसकेको, महिनावारीका वारेको कुसंस्कृति विद्यामान रहेको, महिलाहरुको पुरुष प्रतिको परनिर्भरता कायमै रहेको, अपाङ्ग परिचय पत्र सुविधा सबैले नपाएको, अपाङ्गता भएकाहरु परनिर्भरता बाँच्न पर्नु, जाति विभेद वा छुवाछुत कायम रहेको, अपाङ्गमैत्री संरचना नभएको ।

### ४.४.३ चुनौती तथा अवसरहरु

**(क) चुनौती**

घरेलु तथा महिला हिँसा न्यूनीकरण गर्नु, अपाङ्गता भएकाहरुको परनिर्भरतामा कमी ल्याउनु, जातीय विभेद निर्मुल पार्नु, सबै भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री बनाउनु

**(ख) अवसर**

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, संघीय र प्रादेशिक ऐन कानुनहरु लैङ्गिकमैत्रि हुनु, अपाङ्गता सहायता सामग्री तथा पोषण सम्बन्धि खर्च कार्यविधि २०७६ र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण राष्ट्रिय प्राथमिकतामा पर्नु, गैर सरकारी तथा दाता निकायको यस क्षेत्रमा चासो र लगानी रहेको यस क्षेत्रका अवसरहरु हुन ।

### ४.४.४ लक्ष्य र उद्देश्य

**लक्ष्य**

जातीय, शारिरिक, लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण भएको हुने ।

**उद्देश्य**

१. लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाइ संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको संम्मानित जिवन यापनको वातावरण सुनिश्चित गर्ने ।

२. लक्षितवर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा बृद्धि गर्नु ।

### ४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १:** लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाइ संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको संम्मानित जिवन यापनको वातावरण सुनिश्चित गर्ने । | |
| १.१ संघीय र प्रादेशिक काननुसँग नबाभिने गरी लैङ्गिक समानता सम्बन्धि पालिका स्तरिय नीति तथा कानुन तजुमा गर्ने । | १.१.१ विद्यमान नीति कानुन तथा कार्यक्रमको पुनवरावलोकन गरी कार्यन्वयन गरीनेछ ।<br>१.१.२ महिला सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने,ज्येष्ठ नागरिक तथा एकल महिला लक्षित सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।<br>१.१.३ महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरणका विशेष कार्यक्रमहरू, सञ्चालन गरीनेछ ।<br>१.१.४ विपन्न तथा लक्षित वर्गको लागि संस्थागत संरचना र क्षमता विकास गरि महिला, दलित, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिका आवश्यक अवसर र सुविधाको सुनिश्चिता गरिने छ ।<br>१.१.५ बालमैत्री गाउँपालिकाको रुपमा स्थापित गर्न सबै क्षेत्रमा बाल सहभागिताको सुनिश्निचितता, बालमैत्री पूर्वाधार निर्माण र बाल कल्याणकारी कोष स्थापना गरि बालमैत्री गाउँपालिका घोषणालाई सुनिश्चत गरिने छ । |
| १.२ लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धती अवलम्बन गर्ने । | १.२.१ लैङ्गिकता विरुद्ध हुने सबै प्रकारका हिँसा, शोषण र रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाइ सहज बनायन पहल गरीने छ ।<br>१.२.२ महिला माथि हुने सबै किसमिका हिँसा विरुद्ध शुन्य सहनशिलताको नीतिलाइ प्रभावकारी बनाइनेछ ।<br>१.२.३ लैङ्गिक आचार संहिता बनाइ कार्यलवयन गर्ने र लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धती पालिका स्तरमा प्रभावकारी तवरले लागु गर्न जोड दिइनेछ । |
| १.३ अपाङ्गता, बालबालिका र जेष्ठ नागरिक मैत्री सुरक्षित पूर्वाधार निर्माण गर्ने । | १.३.१ "एक वडा एक बाल उद्यान, एक वडा एक ज्येष्ठ नागरिक भेटघाट् केन्द कार्यक्रम संचालन गरीनेछ ।<br>१.३.२ विद्यालयहरुलाइ बालमैत्रि बनाइने छ ।<br>१.३.३ सार्वजनिक सेवा उपलब्ध हुने सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रका पूर्वाधार तथा स्थानहरुलाइ अपाङ्गता मैत्री बनाउन पहल गरीनेछ ।<br>१.३.४ स्थानिय निर्णय प्रकृयामा सहभागिता, पूर्वाधार एवं अन्य विकास गतिविधिमा बालमैत्रि विकासको अवधारणाको अवलम्वन गरिनेछ । |
| **उदेश्य नं २.लक्षितवर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा बृद्धि गर्नु ।** | |
| २.१ लक्षितवर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा बृद्धि गर्ने | २.१.१महिला सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरीनेछ ।<br>२.१.२ युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गरीनेछ ।<br>२.१.३ महिला उद्यमीहरूको पहिचान गरी उनीहरूको वृत्ति विकासका लागि तालिमको |

| | |
|---|---|
| | साथै अन्य विशेष कार्यक्रमहरू सञ्चालन गरीनेछ ।<br>२.१.४ सीमान्तकृत र अल्पसङ्ख्यक जातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।<br>२.१.५ दलित, अल्पसङ्ख्यक, जनजाति, विपन्न वर्ग तथा सीमान्तकृत समुदायका छात्र छात्राहरूलाई शिक्षामा पूर्ण प्राथमिकता दिई विशेष छात्रवृत्तिको व्यवस्था गरीनेछ ।<br>२.१.६ महिलाको स्वरोजगार तथा उद्यमशीलतामा विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तिय पहुँचको व्यवस्था मिलाउन सम्बन्धित क्षेत्रसँग समन्वय गरीनेछ ।<br>२.१.७ पिछडावर्गको आर्थिक उत्थानका निमित्त पुर्ख्यौली पेशालाई आधुनिकीकरण गरी व्यवसायिकता विकास गरिने छ । |
| २.२ लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रमहरु कार्यन्वयन गर्ने । | २.२.१ लक्षितवर्गका आत्म निर्भरता र स्ववलम्वनमा वृद्धि गर्न क्षमता अभिवृद्धि एवम् आर्थिक स्तरलाइ माथी उठाउने कार्यक्रमहरु संचालनमा जोड दिइनेछ । |

**४.३.६ प्राथमिकताका कार्यक्रमहरु**

१. निर्णय प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकहरुको सहभागिता सुनिश्चित गर्ने ।

२. शिक्षामा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच सुनिश्चित गर्ने ।

### ४.४.७ कार्यक्रम तथा बजेट

| क.स. | **संकेत** | कार्यक्रम तथा क्रियाकलाप | **इकाई** | **परिमाण** | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | क | विद्यमान नीति कानुन तथा कार्यक्रमको पुनवरावलोकन र आवस्यक कानुन निर्माण र कार्यन्वयन | संख्या | २ | ० | ३०० | २०० | २०० | ० | ७०० |
| २ | कखग | महिलाका लागि आयअर्जन तथा स्वरोजगार कार्यक्रम | संख्या | १० | १२०० | १५०० | १५०० | १५०० | १५०० | ७२०० |
| ३ | कख | महिलाका लागि नेतृत्व विकास, क्षमता विकास तथा कानुनी साक्षरता तालिम | संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ४ | क | महिला दिवस मनाउने | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ५ | कख | महिला सशक्तिकरण कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ६ | क | वालवाकिाको लागि पोषण तथा स्वास्थ कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ७ | क | विपन्न परिवारका वालवालिकाको लागि पढाइ सहयोग कार्यक्रम | प्याकेज | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ८ | क | वाल संजाल गठन र संचालन र बैयतिक विकास कार्यक्रम | पटक | ५ | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० |
| ९ | कख | गाउँपाकि हरेक वडामा वाल उद्यान निर्माण | संख्या | ६ | ६०० | ६५० | ७०० | ७५० | ८०० | ३५०० |
| १० | कख | दलितका लागि नेतृत्व विकास तालिम तथा शशक्तिकरण कार्यक्रम | पटक | ५ | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० |
| ११ | कखग | दलित स्वरोगार तथा ब्यबसाय प्रर्बद्धन कार्यक्रम | पटक | ५ | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | कख | दलित उत्थान तथा आयआर्जन कार्यक्रम | संख्या | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| १३ | क | अपांगता भएका नागरिकको लागि आयआर्जन कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १४ | कग | अपांगता भएका नागरिकको शिपमुलक तालिम तथा सामाग्री वितरण | निरन्तर | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| १५ | कख | अपांगता भएका ब्यक्तिका लागि सहोग सामाग्री वितरण | प्याकेज | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| १६ | कग | अपांगता भएका वालवालिकाको लागि पढाइ सहयोग कार्यक्रम | प्याकेज | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| १७ | क | जनजातीमा रहेको परम्परागत भाषा तथा संकृति र शिप प्रबर्द्धन कार्यक्रम | निरन्तर | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| १८ | कग | सबै जात जातीको संस्कृति झल्कने संग्रालयको निर्माण | संख्या | १ | ० | १००० | २५०० | २५०० | १००० | ७००० |
| १९ | कखग | लघुउद्यम तथा ब्यबसाय प्रबर्द्धन कार्यक्रम | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| २० | क | जेष्ठ नागरिक सम्मान कार्यक्रम | | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| २१ | क | जेष्ठ नागरिकको लागि स्वास्थ शिविर संचालन (पटक) | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | | जम्मा | | | १२०५० | १३८०० | १५३५० | १५५०० | १३९५० | ७०६५० |

## ४.४.८ सूचक तथा नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष२०७७/ | उपलब्धी | | | | | योजना अवधिको | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | | | | |
| प्रभाव | जातीय, शारिरिक, लैंगिक विभेद, हिंसा र शोषण रहित समतामूलक, समृद्ध र आत्म सम्मान भएका नागरिकको निर्माण भएको हुने । | महिला र पुरुषको सहभागिताको अनुपात प्रतिशत | प्रतिशत | ६०/४० | ५९/४१ | ५८/४२ | ५८/४२ | ५७/५३ | ५५/४५ | | गा.पा.वा. प्रतिवेदन | गा.पा. | | |
| | | घर तथा सम्पत्तिमा महिलाको स्वामित्व भएको अनुपात | प्रतिशत | ३७ | ४० | ४२ | ४५ | ५० | ५२ | | " | " | | |
| | | परिवारमा सम्मान जनक रुपमा बसेका जेष्ठ नागरिक | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ९० | | | | | |
| | | आत्मसम्मन रुपमा रहेको अपांग | प्रतिशत | १९ | १९ | २८ | ३१ | ४० | ५० | | | | | |
| | | आत्मसम्मन रुपमा रहेको दलित | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | | | | | |
| असर १ | लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाइ संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको संम्मानित जिवन यापनको वातावरण सुनिश्चित भएको हुने । | गाउँपालिकाको बार्षिक बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५२ | | " | " | | |
| प्रतिफल १ | लैङ्गिक समानता सम्बन्धि पालिका | विद्यमान नीति कानुन तथा | संख्या | २ | - | - | - | २ | - | | " | " | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तरिय नीति तथा कानुन तजुमा गर्ने | कार्यक्रमको पुनवरावलोकन, आवस्यक कानुन निर्माण र कार्यन्वयन | | | | | | | | | | | |
| प्रतिफल२ | महिला विरुद्ध हुने सबै खाले भेदभाव, हिँसा र शोषणको अन्त्य भएको हुने | युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरण सम्बन्धि विशेष कार्यक्रमहरू | प्याकेज | ५ | १ | १ | १ | १ | १ | | ” | ” | | |
| प्रतिफल३ | अपाङ्गता, बालबालिका र जेष्ठ नागरिक मैत्री सुरक्षित पूर्वाधार निर्माण भएको हुने | “एक वडा एक बाल उद्यान,एक वडा एक ज्येष्ठ नागरिक सत्सङ् केन्द्र, एक गाँउ एक बाजेबजै पार्क | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ” | सरोकारवाला सबै | | |
| असर २ | लक्षितवर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा बृद्धि गर्नु । | महिला सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरीनेछ । | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |
| प्रतिफल१ | युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदाय सशक्तीकरण भएको हुने | युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरण सम्बन्धि कार्यक्रमहरू | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |
| प्रतिफल२ | महिला उद्यमीहरूको पहिचान गरी | उद्यमशिलता तालिमा सहभागी | संख्या | १० | २० | ४० | ५० | ६० | ७० | ७० | ” | ” | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उनीहरूको वृत्ति विकासका लागि तालिम कार्यक्रमहरू | महिला | | | | | | | | | | | | |
| प्रतिफल ३ | लैङ्गिक समानता तथा सशकितकरण सम्बन्धि सूचकहरु तयार भइ अनुगमन तथा मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन भएको हुने | लैङ्गिक समानता तथा सशकितकरण सम्बन्धि सूचकहरु को निर्माण साथै अनुगमन तथा मुल्याङ्कन संयन्त्र निर्माण | पटक | - | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |

## ४.६ युवा तथा लेलकुद

### ४.६.१ पृष्ठभूमी

स्वदेशि एवं विदेशि बजार माग अनुरुपको क्षमता र योग्यता सहितको युवा वर्गको विकास गर्नुपर्ने समयको माग एवं चुनौति दुवै हुन गएको छ । स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने, स्वदेशमै आवश्यक सामाजिक एवं आर्थिक सेवा एवं टेवा पाउन नसक्नु, स्वरोज पाउने संबैधानिक हकबाट बञ्चित हुनु, रोजगारमुलक एवं सिपमुलक शिक्षा प्रदान गर्न नसक्नु, राज्यको नव निर्माण गर्ने सक्ने कर्तब्य एवं अधिकारबोधले युक्त युवा वर्गको विकास गर्न नसक्नु आजको प्रमुख सवाल हो । हरेक वर्ष श्रम बजारमा आउने युवा जनशक्तिलाई स्वरोजगार, शिक्षा, सीप दिई उनीहरुलाई स्वदेश एवं स्थानीय तहमै सम्मान एवं आधारभूत आवश्यकता परिपूर्ति गर्ने अवस्था सिर्जना गरि उनीहरुलाई कृषि, पशुपालन, पर्यटन, जलश्रोत, उद्योग एवं ब्यवसायमा आकृष्ट गर्नु, युवावर्गको रगत र पसिना स्थानीय स्तरमै उपयोग गर्न गर्व गर्ने र लालायित पार्ने चुनौतिको प्रभावकारी सामना गर्नु पर्ने भएको छ ।

युवा राष्ट निर्माणको संवाहक भएको हुँदा युवा तथा खेलकुदको विकासको क्षेत्रमा संघिय तथा प्रदेश सरकार र गाउँपालिका तहमा खेलकुद अभियानहरु संचालन भई आएका छन । यस गाउँपालिकामा १५ देखि ४० बर्ष सम्मका युवाको संख्या २८ प्रतिशत युवा रहेका छन । गाउँपालिकाका युवाहरु अति नै कम मात्रामा ब्यबसायिक क्षेत्रमा लागेको र अधिकांस युवा स्वदेशका अन्य स्थानमा तथा विदेश पलायन भएका छन । गाउँपालिका भित्र रहेका युवा पनि आवश्यक ज्ञान शिप, तथा आर्थिक अभावका कारण ब्यबसायमा लाग्न नसकिरहेको अवस्था छ । प्राविधिक ज्ञान र शीपको कमीका कारण आफ्नो् शिपलाई न्यून मुल्यमा बेच्न बाध्य भएका छन । त्यसैले यस योजनामा यस पालिकाका युवाको क्षमताका आधारमा प्राविधिक ज्ञान र शिपको विकास गरि स्वदेश तथा विदेशको लागि आवश्यक दक्ष तथा अर्धदक्ष जनशक्ति उत्पादनमा जोड रहने छ ।

### ४.६.२ समस्या

युवाशक्तिको उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, युवा पलायन, युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु, खेलकुदको विकासका लागि पूर्वाधारको कमी, व्यवसायिक खेलकुदको कमी, खेलकुद प्रशिक्षणको कमी, क्लव तथा खेलकुद सँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी, आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ४.६.३ अवसर र चुनौती

**(क) अवसर**

युवा विकासका लागि संवैधानिक व्यवस्थाहुनु, स्थानियतहमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्चप्राथमिकता रहनु, युवा संलग्न स्थानीय संयन्त्र रहनु, गाउँपालिकामा विभिन्न समुहका खेलाडीहरूका लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्नु आदि यस क्षेत्रका प्रमुखअ वसरका रुपमा रहेका छन् ।

**(ख) चुनौती**

युवा क्षमताको विकास गर्न, युवा प्रतिभापलायन रोक्न, युवामा सकारात्मक सोचको विकास गराउन युवाहरुलाइ उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउन, स्थानीयस्तरमा रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउन, युवालाई खेलकुद प्रति प्रोत्साहित गराउन, खेलकुद पूर्वाधारको निर्माण गर्न, व्यवसायिक खेलकुदको विकास गर्न, खेलकुद प्रतियोगिता आयोजना गर्न आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

### ४.६.४ लक्ष्य र उद्देश्यहरु

**लक्ष्य**

युवा र खेलकुद विकासबीच अन्तरसम्वन्ध स्थापित गर्दै युवा जनशक्तिलाइ गाँउपालिकाको सर्वाङ्गिण विकासमा मूलप्रवाहिकरण गर्ने ।

**उद्देश्य**

१. युवाहरुको सीप र नेतृत्वक्षमतामा वृद्धि गरीउद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु ।

२. खेलकुद पूर्वाधारको विकास गरी स्वास्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यवसायिक खेलाडी उत्पादन गर्नु ।

## ४.६४ रणनीति र कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उदेश्य १:युवाहरुको सीप र नेतृत्वक्षमतामा वृद्धि गरी उद्यमशील, स्वरोजगार र स्वावलम्बीबनाउनु । | |
| १.१ युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने । | १.१.१ पालिकास्तरीय युवा तथा खेलकुद परिषद गठन गरिनेछ ।<br>१.१.२ युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सीपमूलक तालिमदिई उद्यम, व्यवसायका लागि बैक कर्जाको ब्याजमा अनुदान उपलब्ध गराईनेछ ।<br>१.१.३ युवाहरूको दक्षता र क्षमताका आधारमा उद्यमशील, रोजगार मूलक र स्वरोजगार मुलक तालिम संचालन गरि दक्ष र अर्ध दक्ष जनशक्ति तयार गरिने छ ।<br>१.१.४ युवाहरूलाई दुर्व्यसनबाट रोकी उत्पादनशील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिने छ ।<br>१.१.५ युवाहरूलाई सामाजिककार्य, स्वयं सेवा, विपद् व्यवस्थापन जस्ता कार्यमा संलग्न गराइने छ ।<br>१.१.६ युवाहरूलाई संगठित गर्न विभिन्न संघ सस्था र साँकृतिक क्लव, मनोरञ्जन समूह आदिमा संलग्न गराई प्रतिभा प्रष्फुटनको अवसर दिलाइने छ ।<br>१.१.७ परम्परागत मौलिक संस्कृति र सीपहरूलाई युवा पुस्तामा पुस्तान्तरण गर्न प्रोत्साहित गरिने छ ।<br>१.१.८ व्यवसायीक सीप विकास तालिम र दीगो उद्यम घुम्तीकोषको स्थापना गरी संचालनमा जोड दिइने छ ।<br>१.१.९ बैदेशिक रोजगारीमा जाने युवाको लागि सिपमुलक तालिम तथा सुरक्षित बैदेशिक रोजगारका लागि आवश्यक प्रशिक्षण दिइने छ ।<br>१.१.१० युवाहरुलाई अनुकुलको रोजगारीका अवसर सृजना गर्न युवा स्वरोजगार कार्यक्रमलाई क्षमता विकास सहित स्वरोजगार र व्यवसायिक युवा प्रोत्साहन गरिने छ ।<br>१.१.११ युवा लक्षित लोकसेवा तयारी कक्षा संचालन तथा क्षमता विकास तालिम संचालन गरिने छ ।<br>१.१.१२ यस गाउँपालिका भित्र स्थापना भई संचालन हुने उद्योगहरुमा स्थानीय युवालाई रोजगारीको लागि पहिलो प्राथमिकता दिने नीति अवलम्वन गरिने छ ।<br>१.१.१३ वैदेशिक रोजगारबाट फर्केर आएका युवाहरुलाई उद्यम विकासका लागि सहजीकरण तथा सहयोग गरिनेछ । |
| उदेश्य नं २. खेलकुद पूर्वाधारको विकास गरी स्वास्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यवसायिक खेलाडी बनाउनु । | |
| २.१खेलकुद पूर्वाधारको विकास गर्ने । | २.१.१ खेलकुद विकासका लागि गाउँपालिका स्तरीय कभर्ड हल र खेल मैदाननिर्माण गरिने छ ।<br>२.१.२ प्रत्येक वडामा एक एक वटा खेल मैदाननिर्माण र भएका खेलमैदानको स्तरोन्नती गरीने छ ।<br>२.१.३ विद्यालय स्तर देखि नै खेलकुद विकासकालागि हरेक विद्यालयमा खेल मैदानको व्यवस्थागर्न सहयोग गरिने छ ।<br>२.१.४ बार्षिक रुपमा गाउँपालिका स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गरिने छ । |

| | |
|---|---|
४.गाँउपालिका र यसका शाखा, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र महत्वपूर्ण वस्तीहरुका सडकमा सौर्य वत्ती जडान गर्ने ।

५.गाँउपालिका भित्र संचालित साना तथा घरेलु उद्योगको लागि विद्युत सेवा आपूर्ती गराउने ।

**५.५.७ कार्यक्रम, लक्ष्य  तथा बजेट** (रु.हजारमा)

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | | | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | कखग | संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण | प्याकेज | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| ३ | क | विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा जडान तथा मर्मत संभार | प्याकेज | | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| ५ | कखग | गाँउपालिका केन्द्र र वडा केन्द्, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Markett center) मा सौर्य वत्ती जडान | प्याकेज | | १५०० | २५०० | ३५०० | ४५०० | ४००० | १६००० |
| ७ | कखग | लिफ्ट सिँचाइ आयोजना आवस्याक्ता रहेका ठाँउमा सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन कार्यक्रम | संख्या | | ५००० | ५००० | ५००० | ५०० | ४५०० | २०००० |
| | | केन्द्रीय ग्रीडको विद्युत लाईन जोड्ने | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| | | जम्मा | | | १८५०० | १९५०० | २०५०० | १७००० | २०५०० | ९६००० |

### ५.५.८. नतिजा तथा सूचक

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष२०७७/७८ | उपलब्धी २०७८/७९ | उपलब्धी २०७९/८० | उपलब्धी २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइँको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | जलविद्युत र नवीकरणीय उर्जाको उत्पादन र उपभोग द्धारा सामाजिक तथा आर्थिक विकासमा टेवा पुगेको हुने। | गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा विद्युत, ग्याँस र पानीको योगदान । | प्रतिशत | २ | ४ | ६ | १० | १० | गापा लेखा शाखा | गापा | | |
| असर १ | विद्युत सेवा रउर्जा सुरक्षा उत्थानसील र भरपर्दो बनाई दीगो अर्थतन्त्र निर्माणको आधार तयार भएको हुने । | निर्माण गरीएका जलविद्युत, उर्जा (वैकल्पिक उर्जा र नविकरणीय उर्जा) आयोजनाको क्षमता | प्याकेज | | २ | १ | | ३ | गापावा प्रतिवेदन | गापा | | |
| प्रतिफल १ | संघीय र प्रदेश सरकारसँगको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण | पुराना काठे पोलको ठाँउमा फलामे पोलको प्रतिस्थापन | संख्या | आवस्यक्ता बमोजिमगाँउपालिकाको सबै ठाँउमा | | | | | ” | ” | | |
| | | गाँउपालिका केन्द्र र वडा केन्द्, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्रमा सौर्य वत्ती जडान | प्याकेज | | १ | १ | | २ | ” | ” | | |
| | | सव स्टेसनहरुको निर्माण | संख्या | | १ | १ | | २ | ” | ” | | |
| | | ट्रान्सफार्मर जडान | संख्या | | ५ | ५ | २ | १२ | ” | ” | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २ | विद्युत उत्पादन र वितरणको दीगो व्यवस्थापन भएको हुने | विद्युतमा पहुँच पुगेको घरपरिवार | प्रतिशत | ७० | ७५ | ८६ | ९७ | ९७ | ” | ” | | |
| | | प्रति व्यक्ति प्रति वर्ष विद्युत खपत | किलोवाट घण्टा | १३० | २०० | ३६० | ५५० | ५५० | ” | ” | | |
| असर २ | नवीकरणीय उर्जाको माध्यमबाट वातावरण सुधार र नागरिकको स्वास्थमा सुधार आएको हुने । | वायु तथा सौर्य उर्जाको संभाव्यता अध्ययन | पटक | | १ | | | १ | ” | ” | | |
| | | सौर्य उर्जा प्रयोग भएका लिफ्ट खानेपानी आयोजना | संख्या | | २ | १ | १ | ४ | ” | ” | | |
| | | सौर्य उर्जा प्रयोग भएका लिफ्ट सिँचाइ आयोजना | संख्या | | १ | १ | १ | ३ | ” | ” | | |
| प्रतिफल १ | गोवर ग्याँस र धुवाँ रहित सुधारिएको चुल्हो प्रबर्द्धन भएको हुने । | दाउराको खपतमा कम भएको घरपरीवार | प्रतिशत | ८५ | ७० | ६० | ५० | ३५ | ” | ” | | |
| | | सोलर प्रयोग गर्ने घरपरीवार | प्रतिशत | १२० | १५० | १७० | २१० | ९० | ” | ” | | |

## परिच्छेद ६.
## बन, वातावरण तथा विपद व्यबस्थापन

### ६.१ बन, जलाधार  तथा वातावरण संरक्षण
### ६.१.१ पृष्ठभूमी
जगदुल्ला गाउँपालिकाको कुल क्षेत्रफलको ४२.८ प्रतिशत क्षेत्रफल वनले ओगटेको छ गाउँपालिकामा जनसंख्याको बासाइसराईले बनमाथिको चाप कम हुनगई तथा जग्गा बाँझो हुनुले बनको क्षेत्रमा बृद्धि भएको पाइन्छ । यस गाउँपालिका बेशी देखि पहाडी क्षेत्र सम्म फैलिएको हुँदा जैविक विविधताले भरिपूर्ण रहेको छ । वनक्षेत्रमा साल, चिलाउने, कटुस, उत्तिस, आदि जस्ता वन पैदावार पाइन्छन् । जङ्गली जनावर तर्फ दुम्सी, बाँदर, मृग, बँदेल,स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाईन्छ । यस गाँउपालिकामा  वटा सामुदायिक वन रहेका छन् । गाउँपालिकामा हुने विकास निर्माणका पूर्वाधारहरुको संचालन गर्दा बन क्षेत्रमा केही मात्रामा क्षेति पुगेको देखिन्छ । पूर्वाधार निर्माण सडक, भवन, तथा अन्य भौतिक पूर्वाधार निर्माणका कार्य गर्दा ब्यापक मात्रामा जमिनको क्षयिकरण भएको तथा नागरिकको स्वास्थमा प्रतिकुल असर परेको र बाढी र पहिरो बढ्न गई वातावरणमा नकरात्मक प्रभाव परेको छ ।

### ६.१.२ प्रमुख समस्याहरु
प्राकृतिक सम्पदाको बढ्दो क्षयीकरण, आगलागीका कारण वन एवं वातावरणमा प्रतिकुल असर पर्नु, जनचेतनाको कमिले वन सम्पादाको उचित व्यवस्थापन हुन नसक्नु, वन्यजन्तुले कृषि उत्पादनलाई नोक्सानी गर्ने प्रबृत्ति बढ्दै जानु, पानी स्रोत सुक्दै जानु, कार्वन उत्सर्जनको प्रभाव बढ्दै जानु, पूर्वाधार विकास तथा ईन्धनको निर्भरताले वन विनाश बढ्दै जानु, जलाधारको उचित व्यवस्थापन नहुनु, जैविक विविधतामा कमी हुँदै जानु, प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघ संस्थामा समन्वय नहुनु, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भइनसक्नु, बाढी, पहिरो लगायत विपदका घटनाहरू बढ्दै जानु, आदि प्रमुख समस्या हुन्।

### ६.१.३ चुनौती र अवसर
**चुनौती**

वनको अनधिकृत अतिक्रमण रोक्नु, विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, जलाधार र जैविक विविधताको संरक्षण गर्नु, जलवायु अनुकुलन प्रविधिको विकास गर्नु, बन्यजन्तुको चोरी शिकारी नियन्त्रण गर्न, वनमा रहेको इन्धन निर्भरता घटाउनु, वन र वातावरणलाई आय आर्जन र रोजगारीमा आवद्ध गर्नु, बढ्दो प्लाष्टिकजन्य वस्तुको प्रयोग रोक्नु, फोहोरको उचित व्यवस्थापन गर्नु, वन तथा वातावरण सम्वन्धी काम गर्ने संघसस्थाहरूमा समन्वय कायम गर्नु, जलवायु परिवर्तनको असर वढ्दै जानु, विपदबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण सम्पन्न गरी पुनःस्थापन गर्नु, ६१ प्रतिशत घरमा इन्धनको स्रोतको रूपमा प्रयोग हुंदै आएको दाउरालाई प्रतिस्थापन गर्नु आदि यस क्षेत्रका प्रमूख चुनौती हुन् ।

**अवसरहरु**

गाउँपालिकाको ४२.८ प्रतिशत भूभाग वन, घाँसे मैदान तथा हरियालीले ढाकेको हुनु, बन ब्यबस्थापनमा समुदायको चासो रहनु, वन तथा वातावरण संरक्षण गाउँपालिकाको प्राथमिकतामा पर्नु, बनस्पति तथा जीवको जैविक विवधता हुनु, वन तथा वातावरण र विपद व्यवस्थापन सम्बन्धी कार्य दिगो विकासको लक्ष्यमा समाविष्ट हुनु, वातावरण सम्वन्धी संघ संस्थाहरूको साझेदारी रहनु, राष्ट्रिय  तथा स्थानीय वातवरण अनुकुलन कार्ययोजना (LAPA and NAPA)पारित भई कार्यान्वयनमा हुनु, सामुदायिक, कवुलियत, निजी तथा धार्मिक वनहरूको विकास समुदायको संलग्ता बढ्दै जानु, भूकम्प पश्चात पुनर्निर्माण भएका घरहरूमा धुवा रहित चुल्हो जडान हुनु, जैविक विविधताका कारण प्राकृतिक पर्यटनको उच्च सम्भावना रहनु, काठ तथा जडिबुटीजन्य बहुमूल्य वन पैदावारको उपयोग र निकासीबाट आय आर्जनको सम्भावना हुन आदि अवसरका रूपमा रहेका छन्।

### ६.१.४ लक्ष्य र उद्धेश्य
लक्ष्य

बन क्षेत्रको बैज्ञानिक ब्यबस्थपन भई वातावरणमा सुधार र गाउँबासीको आर्थिक उपार्जनमा टेवा दिएको हुनेछ ।

**उदेश्य**

१. बनको बैज्ञानिक ब्यबस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण  र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुर्‍याउने ।

२. गाउँपालिकामा फोहोर मैलाको ब्यबस्थापन गरि वातावरणको संरक्षण गर्ने ।

### ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उदेश्य १: बनको बैज्ञानिक ब्यबस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण  र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुर्‍याउने । | |
| १.१ वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक ब्यवस्थापन र उपयोग गर्ने । | १.१.१ वन क्षेत्रकोसंरक्षण गर्दै खाली जमिनमा वृक्षारोपण गरीनेछ ।<br>१.१.२ एक घर एक रुख हरियाली अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ जल, जमिन, जलाधार, जैविक विविधता जडिवुटीको संरक्षण र विकास गरिनेछ ।<br>१.१.४जडिवुटी खेतीलाई प्रोत्साहन गर्दै आय र रोजगारीसँग आवद्ध गरिनेछ ।<br>१.१.५इन्धनको लागि वन जंगलमा भएको निर्भरता हटाउन बैंकल्पिक इन्धनको विकास गरी वनक्षेत्रको ह्रासलाई न्यूनीकरण गरिनेछ ।<br>१.१.६ नदीको मुहानलाई संरक्षण गरी वहावबाट हुने क्षतिलाई न्यूनीकरण गरिनेछ ।<br>१.१.७वातावरणलाई सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण गरिनेछ । |
| १.२ प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने । | १.२.१ सामुदायिक वन, कवुलियती वन व्यवस्थापनमा, महिला तथा स्थानीय समुदायको सहभागिता वृद्धि गरी आय आर्जनसँग आवद्ध गराइनेछ ।<br>१.२.२ सामुदायिक तथा कबुलियत बनमा जडिबुटी कुरिलो, बेसार, जस्ता उच्च आय दिने खेती प्रवर्द्धन गरी आय तथा रोजगारका अवसर बिस्तार गरिनेछ ।<br>१.२.३ निजी जग्गामा फलफूल, डालेघाँस लगायत काष्ठ तथा गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन प्रोत्साहन गरिनेछ ।<br>१.२.४ स्थानीयस्तरमा काष्ठजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ ।<br>१.२.५ वनजन्य उत्पादनलाई सहकारी मार्फत वजारीकरण गर्न प्रोत्साहित गरिनेछ ।<br>१.२.६ वन र वातावरण सम्बन्धमा काम गर्ने संघ संस्था बीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।<br>१.२.७ वन, वातावरण र जैविक विविधतालाई पर्यटनसंग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिनेछ । |
| उदेश्य नं २ गाउँपालिकामा फोहोर मैलाको ब्यबस्थापन गरि वातावरणको संरक्षण गर्ने । | |
| २.१ विकास र वातावरण बीच सन्तुलन कायम गर्ने । | २.१.१. ठूला आयोजना निर्माणमा वातावरणीय प्रभाव अध्ययनलाई योजना कार्यान्वयनको पूर्वशर्त बनाइनेछ ।<br>२.१.२. हरेक पूर्वाधार सम्वन्धी नीति निर्माण गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ ।<br>२.१.३. विकास संरचना निर्माण गर्दा हुने वन तथा जलाधारको कमी क्षतिहुने व्यवस्थाका साथै क्षतिलाई अनिवार्य परिपूरण गर्ने व्यवस्था गरिनेछ ।<br>२.१.४. जलवायु परिवर्तन सम्बन्धी जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.५. जलवायु परिवर्तनको प्रभावलाई न्युन गर्न अनुकुलनका कार्यक्रम संचालन गरिनेछ<br>२.१.६. स्थानीय जलवायु अनुकुलन कार्य योजनाका सूचकहरूलाई प्रभावकारी रुपमा लागु गरिनेछन् ।<br>२.१.७. कालीगयडकी गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ । |

| | |
|---|---|
| २.२ फोहोरमैलाको उचित व्यवस्थापन गर्ने । | २.२.१ गाउँपालिकाका घना बस्ती भएका स्थान लगायतका बस्तीमा विभिन्न संघ संस्था एवं अन्तर सरकार समन्वय गरी लागत सहभागितामा पायक पर्ने ठाउँमा फोहोर व्यवस्थापन गरिनेछ ।<br>२.२.२. घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने फोहोर छुट्याउन कन्टेनरको व्यवस्था गरिनेछ ।<br>२.२.३. गाउँपालिकाका मुख्य बस्ति तथा चोकमा फोहोर फाल्ने भाडो तथा फोहोर फाल्ने खाल्डोको व्यबस्था गरिनेछ ।<br>२.२.४. शौचलाय नभएका घरमा अनिवार्य शौचालय बनाउन लगाउने तथा गाउँपालिकाका मुख्य बस्ति क्षेत्रमा सार्वजानिक शौचालय निर्माण गरिनेछ ।<br>२.२.५. प्लाष्टिकमुक्त गाउँपालिका घोषणा गरिनेछ ।<br>२.२.६. निश्चित क्षेत्रलाई समेट्ने गरी सफा र आधारभूत सुविधायुक्त नमूना गाउँ टोल निर्माण गर्ने गरी स्मार्ट भिलेज कार्यक्रम सञ्चालन गरिनेछ । |

### ६.१.६ मूख्य प्राथमिकताका कार्यक्रमहरु

१. नर्सरी स्थापना तथा वृक्षरोपण साथै वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम ।
२. वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण ।
३. वन उपभोक्ता समितिहरू गठन, क्षमता विकास र बैज्ञानिक बन व्यबस्थापन कार्यकम ।
५. जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम ।
६. हरित उद्यम सञ्चालन ।

### ४.३.७ कार्यक्रम नतिजा तथा बजेट

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | क | नर्सरी स्थापना तथा वृक्षरोपण | संख्या | ५ | २०० | ४०० | ६०० | ८०० | १००० | ३००० |
| २ | क | वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम | प्याकेज | ६ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ३ | क | वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण | प्याकेज | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ४ | कखग | बैज्ञानिक बन ब्यबस्थापन कार्यक्रम | प्याकेज | | ३०० | ४०० | ५०० | ६०० | ७०० | २५०० |
| ५ | क | वन उपभोक्त समितिहरू गठन र क्षमता विकास | प्याकेज | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ७ | क | व्यवसायिक जडिबुटी खेती विकास | प्याकेज | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| ८ | कखङ | जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम | प्याकेज | | १५०० | २५०० | ३००० | ३००० | ३५०० | १३५०० |
| | | जम्मा | | | ३५०० | ४८०० | ५६०० | ५९०० | ६७०० | २६५०० |

### ५.५.८. नतिजा तथा सूचक

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष२०७७/७८ | उपलब्धी २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना | पुष्ट्याइँको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | बन तथा जैविक विविधताको संरक्षण र बैज्ञानि ब्यबस्थापन मार्फत वातावरणीय सन्तुलन कायम भई बन तथा जलाधारिय श्रोतहरुको उत्पादकत्वमा बृद्धि भएको हुनेछ। | गाउँपालिका को कुल क्षेत्रफलमा बन क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ८० | | | | | ८० | | गाउँ वस्तुगत विवरण – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरिवेक्षण समिति –वातावरण शाखा – सम्वन्धित वन ईकाई | | |
| | | संकटापन्न अवस्थामा रहेका बनस्पतीका प्रजाती | सख्या | | | | | | | | | | | |
| | | संकटापन्न अवस्थामा रहेका प्राणीका प्रजाती | संख्या | १५ | १४ | १२ | १० | | | ५ | | | | |
| | | गाउँपालिका को कुल गाह्रस्त उत्पादनमा बन क्षेत्रको योगदान | प्रतिशत | ०.१ | .५ | १.५ | २ | | | २ | | | | |
| असर १.१ | बन संरक्षणमुखी ब्यबस्थापन बाट | समुदायबाट ब्वस्थापन भएको बन क्षेत्र | प्रतिशत | ५० | | | | | ६० | | गाउँ वस्तुगत विवरण – | अनुगमन तथा सुपरिवेक्षण | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन मुखी ब्यबस्थापन मा रुपान्तरण भएको हुनेछ । | | | | | | | | | | सर्वेक्षण प्रतिवेदन — प्रगति/अनुगमन प्रतिवेदन | समिति —वातावरण शाखा — सम्वन्धित वन ईकाई | | |
| | | संरक्षित तथा व्यवस्थित चरन क्षेत्र | हे. | १०० | १५० | २०० | २५० | | ५०० | | | | | |
| | | बार्षिक उत्पादित काठ | क्यूफिट | १२०० | १३०० | १५०० | १६०० | १७०० | १८०० | | | | | |
| | | बर्षिक उत्पादित दाउरा | भारी | ५०० | ५०० | ६००० | ६००० | ६५०० | ७००० | | | | | |
| प्रतिफल १.१ | वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुने छ । | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हे. | | | | | | | | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | निजी वन क्षेत्र | हे. | | | | | | | | | | | |
| | | वृक्षारोपण क्षेत्रवृक्षारोपणा क्षेत्र | हे. | | | | | | | | | | | |
| | | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्रफल | हे | ० | | | | | २ | २ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक बन संख्या | संख्या | | | | | | | | | | | |
| असर १.२ | विशेष संरक्षण क्षेत्र छुट्याई महत्वपूर्ण पारिस्थितिकीय प्रणलीको संरक्षण भएको हुनेछ । | राष्टिय बन व्यबस्थापनबाट काठ निस्कासन | क्यु फि. | | | | | | | | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | चोरी निकासी नियन्त्रण इकाई | संख्या | | | | | | | | | | | |
| | | बन्यजन्तु सरक्षण उद्यान | संख्या | | | | | | | | | | | |
| | | मानव तथा बन्यजन्तु द्वन्द व्यबस्थापन | पटक | – | १ | १ | १ | | | ३ | | | | |
| प्रतिफल १.३ | बन तथा बन्यजन्तु संरक्षण र व्यबस्थापनमा नागरिकको क्षमता विकास भएको हुनेछ । | बन व्यबस्थापन तालिम संचालन | पटक | २ | २ | २ | | | | ६ | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | बन व्यबस्थापन कार्ययोजना भएका सामुदायिक बन उपभोक्ता समुह | संख्या | १५ | १७ | २१ | २७ | | | १२ | | | | |
| | | बन अतिक्रमण नियन्त्रण | कि.मि | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.४ | काठ जन्य तथा गैरकाठ जन्य बस्तुको उत्पादन, बजारीकरण भएको हुने छ। | बनमा आधारित उद्योग संख्या | संख्या | १ | | | | | ३ | | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | नर्सरी स्थापना र संचालन | संख्या | ६ | १ | १ | १ | १ | २ | | | | | |
| असर २ | जलाधार क्षेत्रको संरक्षण मार्फत माटो र पानीको संरक्षण भएको हुने। | | | | | | | | | | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | भूक्षयको दर | प्रतिशत | ८ | ७ | | ६ | | ५ | | | | | |
| प्रतिफल २.१ | जलाधार क्षेत्रको जल, जंगल र सिमसार क्षेत्रको संरक्षण भएको हुने। | संबेदनशिल जलाधार क्षेत्रको संरक्षण | संख्या | | | | | | | | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | भू व्यबस्थापन तालिम संचालन | पटक | ० | २ | २ | २ | | | ६ | | | | |
| | | संरक्षित सिमसार क्षेत्र | संख्या | ० | १ | ५ | १० | | | १० | | | | |
| | | जलाधार व्यबस्थाजन योजना | संख्या | ० | २ | ३ | ५ | | | ५ | | | | |
| प्रतिफल २.२ | गल्छी पहिरो | प्रकोप नक्सांकन | संख्या | ० | | | १ | | | १ | उपबामगप्र | उपबामग | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा खोला किनाराको संरक्षण भएको हुने | पहिरो रोकथाम तथा खोला किनारा संरक्षण | संख्या | २ | ४ | ५ | ९ | | | ७ | प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | प्र गापावाशा | | |
| | | भू संरक्षण प्रणाली प्रदर्शनी | संख्या | ० | १ | १ | १ | | | ३ | | | | |
| असर ३ | जलवायु परिवर्तनका नकरात्मक प्रभावकको न्यूनिकरण, अनुकुलन तथा नागरिकको समानुकुलन क्षमताको विकास भएको हुनेछ । | जलवायुको परिवर्तन असरबाट समायोजन हुन समानुकुलन क्षमतामा बृद्धि जनसंख्या | प्रतिशत | १ | ५ | ७ | १७ | | | १६ | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| प्रतिफल ३.१ | गाउँको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिबृद्धि भएको हुने | व्यवस्थित मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ० | २ | ५ | ८ | | | ८ | उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | जलवायु परिवर्तन न्यूनिकरण तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | नियमित सरसफाइको अभ्यास गर्ने | संख्या | २५० | ३०० | ४०० | ५०० | ५५० | ६०० | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ। | घरधुरी | | | | | | | | | | | | |
| | | घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | ५ | २० | ३० | ५० | | | ४५ | | | | |

## ६.२ विपद् व्यबस्थापन

### ६.२.१ पृष्टभूमि

विश्वमा भूकम्पबाट ११ औं उच्च जोखिम तथा बाढी र पहिरोबाट ३० औं जोखिमयुक्त देशको रूपमा नेपाल रहेको छ । नेपालको संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद्पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । विपद् व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीमा समेत राखेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानिय तहलाई प्रदान गरेको छ । सुलीकोट गाउँपालिकाको भौगोलिक अवस्थिति कमजोर भौगर्भिक अवस्था र मानवीय क्रियाकलापले गर्दा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ ।

भैगोकि बनावटका आधारमा यस गाउँपालिकाको भू स्वरुप त्यति भिरालो रहेको छैन तथा पनि यस गाउँपालिका विभिन्न स्थानमा पहिरोले जनधनको क्षति पुर्‍याको छ । गाउँपाकिाको वडा नं ४ स्थित पहिरोले बस्ती तथा बन र खेति योग्य जमिनको क्षति पुर्‍याएको छ ।

### ६.२.२ प्रमुख समस्याहरु

भिरालो भू-बनौट, विपद उत्थानशील पूर्वाधार विकास नहुनु, अवैज्ञानिक कृषि प्रणाली, कृषिमा रसायन र विषादीको प्रयोग, जोखिम क्षेत्रको पहिचान नहुनु, सिमान्त भूमि तथा नदी किनाराहरूमा बस्ती बस्नु तथा खेती गरिनु, प्राकृतिक स्रोतको अवैज्ञानिक प्रयोग हुनु, जनचेतनाको कमी हुनु, नदीजन्य पदार्थको तीव्र दोहन गरिनु, स्वास्थ्य र सरसफाई सम्बन्धी जागरुकताको कमी हुनु, विपद् पूर्व तयारीको कमी, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भैनसक्नु, विपदका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरू बीच समन्वयको अभाव आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ६.२.३ चुनौती र अवसर

**चुनौती**

पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थितगर्न, दिगो र उत्थानशील बनाउनु पूर्वाधरको विकास गर्न, विकास र वातावरण वीच सन्तुलन कायम गर्न, जलाधार तथा नदीनालाको संरक्षण तथा तटबन्ध निर्माण गर्न, पुर्ननिर्माणको कार्य समयमा नै सम्पन्न गर्न, विपद् व्यवस्थापन सम्बन्धी संघ संस्थाहरू बीच प्रभावकारी समन्वय कायम गर्नु, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नु, व्यवस्थित विपद् पूर्व तयारी गर्नु, विकास सम्बन्धी सोच र धारणामा परिवर्तन गरी विपद्संवेदनशील बनाउनु आदि यसक्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसर**

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आउनु, २०७२ सालको भूकम्पको कारणले विपद सम्बन्धमा नागरिकको चेतना अभिवृद्धि हुनु, भवन संहिता तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी लागू हुनु, वन तथा हरियाली क्षेत्रको विस्तार गर्ने क्षेत्र प्रशस्त हुनु, निर्माण सम्बन्धी नवीन प्रविधि र ज्ञान उपलब्ध हुनु, नयाँ भूकम्प प्रतिरोधात्मक आवास तथा स्तरीय संरचना सहितका विद्यालय तथा अन्य सार्वजनिक संरचनाको निर्माण हुनु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अन्य संघ संस्था र विकास साझेदारहरूबाट पुनर्निर्माणमा सहयोग प्राप्त हुनुआदि यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

### ६.२.४ लक्ष्य र उद्देश्य

**लक्षः**

दीगो र वातावरणमैत्री विकासद्धारा जलवायू परिवर्तन र विपद व्यवस्थापन र न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. विपदजन्य घटनाको न्यूनिकरण गर्दैविपद व्यवस्थापन गर्ने ।

२. जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने ।

### ६.२.५ रणनीति र कार्यनिती

| रणनीति | कार्यनीति |
|---|---|
| उदेश्य १ विपद्जन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्ने । | |
| रणनीति १.१ विपद व्यवस्थापन पूर्व तयारी | १.१.१ स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशील गराइनेछ ।<br>१.१.२ विपद उद्धार कार्यमा स्थानीय रेडक्रस, समुदायमा आधारित विपद् व्यवस्थापन समिति, |

| | |
|---|---|
| प्रभावकारी बनाउने । | युवा स्वयंसेवी, सरोकारवाला संघसंस्था तथा गैसस एवं सुरक्षा निकायलाई अभिमुखीकरण गरी तयारी अवस्थामा राखिनेछ ।<br>१.१.३ स्थानीय स्वास्थ्य संस्थाहरूलाई विपद्तयारी सम्बन्धी पूर्वाधार व्यवस्था र तत्काल परिचालन गर्न सकिने अवस्थामा राखिनेछ ।<br>१.१.४ एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ ।<br>१.१.५ नमोबुद्ध नगरपालिका सँगको सहकार्यमा गाउँपालिकामा बारुणयन्त्र सेवाको स्थापना गरी उद्धार उपकरण समेतको व्यवस्था गरिनेछ ।<br>१.१.६ विपद्पूर्व सूचना प्रणाली व्यवस्थित गरी प्रत्येक घर परिवार वा बस्तीमा मोबाइल र एफ एमबाट विपद्सम्भावना सम्वन्धी पूर्व सूचना प्रवाह गरिनेछ । |
| रणनीति २ विपदबाट भएको क्षतिको पुनर्निर्माण एवं पुनःस्थापना गर्ने। | १.२.१ विपदजोखिम नक्साांकन गरिनेछ ।<br>१.२.२ पानीको मुहान, जलाधार क्षेत्र आदिको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.३ २०७२ सालमा गएको भूकम्पबाट भएको क्षतिको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी पुनर्निर्माण र पुनर्स्थापना सम्पन्न गरिनेछ ।<br>१.२.४सार्वजनिक निर्माणका कामहरूमा "अझ राम्रो अझ बलियो" सिद्धान्तको अनुसरण गरिने छ ।<br>१.२.५वर्षेनी हुने बाढी, पहिरो जस्ता विपद्बाट भएको क्षतिलाई प्राथमिकताका साथ पुनर्निर्माण र पुनर्स्थापना गरिनेछ । |
| उदेश्य २ जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने । | |
| २.१दीगोविपद व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने । | २.१.१ समुदायमा आधारित विपद्व्यवस्थापन समितिहरू गठन गरी तिनको क्षमता विकास गरिनेछ ।<br>२.१.२ विपद व्यवस्थापनका क्षेत्रमा कार्यरत रेडक्रस, संघ संस्थाहरू र स्थानीय क्लवहरूलाई समन्वय गरी परिचालन गरिनेछ ।<br>२.१.३ गाउँपालिकामा विपद व्यवस्थापनको वेग्लैकोषमा आवश्यक रकम विनियोजन गर्दैलगिने छ ।<br>२.१.४ गाउँपालिकामा सरोकारवाला समेतको सहभागिता रहने गरी विपद व्यवास्थापन केन्द्रको स्थापना गरी एकिकृत सेवा प्रवाह गरिनेछ । यस्तो केन्द्रमा आवश्यक न्यूनतम विपद उद्धार सामाग्रीहरू भण्डारण गरिनेछ ।<br>२.१.५ विपद व्यवस्थापनमा संलग्न हुने संघ संस्था समुदाय र व्यक्तिहरूकोक्षमता विकास गरिनेछ ।<br>२.१.६ विकास निर्माण कार्यहरूमा जोखिम न्यूनीकरणका उपायहरू सहित विपद उत्थानशील विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>२.१.७ विद्यालय तहमा विपद जोखिम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.८ सडक दुर्घटना जोखिम स्थलहरूमा सचेतना संकेतहरू राखिनेछ । |

**६.२.६ मूख्य प्राथमिकताका कार्यक्रमहरु**

१. नीति, कानून तर्जुमा तथा कार्यान्वयन ।

२. विपद जोखिम नक्सांकन र विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना तयार।

३.समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन र जनचेतना अभिवृद्धि अभियान ।

४. विपद व्यवस्थापन केन्द्रको स्थापना ।

५. सरोकारवालाहरूको क्षमता विकास साथै विपद उत्थानशील संरचना निर्माण ।

६. उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूर्ति ।

## ४.३.७ कार्यक्रम नतिजा तथा बजेट

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | | | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | क | विपद जोखिम नक्सांकन तथा योजना तयार | संख्या | १ | १५०० | ० | ० | ० | ० | १५०० |
| २ | क | विपद व्यवस्थापन केन्द्रको स्थापना र ब्यबस्थापन | संख्या | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | कखग | उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूति | प्याकेज | ५ | २५०० | २००० | १५०० | १००० | ६००० | १३००० |
| ४ | क | जनचेतना अभिवृद्धि अभियान संचालन | प्याकेज | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| कख | | जोखिम स्थानका बस्ती स्थानान्ताण कार्यक्रम | संख्या | ५० | १५०० | २५०० | ३५०० | ४५०० | ५५०० | १७५०० |
| ६ | क | जोखिमयुक्त र छरिएर रहेका वस्तीहरु स्थानान्तरण गर्ने योजना निर्माण | संख्या | ५० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| ७ | कखग | विपद व्यवस्थापनमा महिला तथा बहिष्करणमा परेका समुदायको क्षमता अभिवृद्धि | प्याकेज | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| जम्मा | | | | | ११८०० | १०८०० | ११३०० | ११८०० | १७८०० | ६३५०० |

## ४.३.८ नतिजा तथा सूचक

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार बर्ष२०७७/७८ | उपलब्धी २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | प्राकृतिक तथा मानव सृजित विपद् एवम जोखिम न्यूनिकरण गर्दै विपद उत्थानशिल समाज र अर्थतन्त्रको निर्माण भएको हुने | विपद्बाट असुरक्षित परिवार संख्या | संख्या | १०० | ८० | ६० | ४० | ३० | २० | ० | गापा प्रतिवेदन | गापा | | |
| असर १ | विपद्का संभाब्य जोखिमको लेखाजोखा, अनुगमन र पूर्ब तयारी प्रणालीको विकास पश्चात विपद् जोखिम न्यूनिकरण भएको हुने | विपदका संभाब्य जोखिम स्थानको पहिचान र लेखाजोखा हुने | संख्या | ० | १ | | | | | १ | गापा प्रतिवेदन | गापा | | |
| | | विपद् पूर्व तयारी तथा प्रतिकार्य तालिम संचालन | संख्या | ० | २ | २ | २ | २ | २ | १० | गापा प्रतिवेदन | गापा | | |
| प्रतिफल १.१ | विपद् पूर्वनुमान तथा पूर्वाचेतावनी प्रणलीको विकास तथा संचालन भएको हुने तथा वडा स्तरमा विपद प्रतिकार्य समितिको | गाउँपालिकाका अध्यक्षको अध्यक्षमा विपद् ब्यबस्थापन समिति गठन | संख्या | १ | | | १ | | | १ | | | | |
| | | वडा स्तरमा विपद् प्रतिकार्य समिति गठन | संख्या | ० | २ | ४ | ६ | ० | ० | ६ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गठन भएको अुने | विपद् जोखिम ब्यबस्थापन योजना निर्माण र कार्यान्वयन | संख्या | ० | | | १ | | | १ | | | | |
| | | सार्वजनिक खुल्ला क्षेत्रको पहिचान, नक्शाकंन तथा अभिलेख, संरक्षण, उपयोग कार्यक्रम | संख्या | | | | १ | | | १ | | | | |
| प्रतिफल १.२ | विपद् जोखिम ब्यबस्थापनलाई स्थानिय स्तरको योजना तर्जुमामा आन्तकीकरण गर्ने ब्यबस्था भएको हुने | विपद् जोखिम ब्यबस्थापन योजना निर्माण, कार्यान्वयन तथा ब्यबस्थापन भएको हुने | संख्या | ० | | | १ | | | १ | गापा प्रतिवेदन | गापा थगा प्रभौयोम | | |
| | | नदि, खोला तथा पहिरो गएको स्थनको संरक्षण | | | | | | | | | | | | |
| | | विपद् उत्थानशील योजना | प्रतिशत | ० | १ | | | | | १ | | | | |
| | | जोखिमयुक्त स्थान तथा बस्तीहरुको पहिचान र सुरक्षित स्थानमा स्थानानतरण | संख्या | | | | | | | | | | | |
| असर १.३ | विपद् जोखिम न्यूनिकरणका लागि पूर्वतायारी र स्थानिय जनाताको क्षमता अभिबसद्धि भएको हुने | भूकम्प तथा प्रकोपबाट सुरक्षित वस्ती, सामुदायिक संरचना, भवन निर्माण भवन तथा संरचनाको मापदण्ड सम्बन्धी सचेतना | संख्या | ० | | | १ | | | १ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विपद् जोखिम न्यूनिकरण जनचेतना कार्यक्रम संचालन | संख्या | ० | १ | १ | १ | | | ३ | | | | |
| | | आपतकालीन आश्रय स्थलको निर्माण | संख्या | ० | १ | २ | ३ | | | ३ | | | | |
| | | आपतकालिन स्थापनाका लागि उद्धार सामाग्री तथा अन्य आवश्यक सामाग्रीको व्यबस्था, भएको वडा | संख्या | ५ | १ | १ | १ | २ | १ | ६ | | | | |
| असर २ | विपद पश्चातको पुर्नलाभ, पुस्थापना, पुर्नार्मिाण र नवनिर्माणको कार्य सवल र उत्थानशिल भएको हुने | उत्थानशिल कुल जनसंख्या | प्रतिशत | | | | | | | | | | | |
| प्रतिफल २.१ | प्रारम्भिक विपद् लेखाजोखा भई पिडितका लाथि राहात सामाग्र वितरण | विपदको तथ्यांक अध्यावधि तथा लेखाजोखा | पटक | १ | | | १ | | | १ | | | | |
| | | विपदका वेला राहात वितरण गर्ने वडा संख्या | आवश्यकता कअ आधारमा | ८ | | | ८ | | | | | | | |
| | | विपद व्यवस्थापन कोष स्थापना कार्यक्रम वार्डस्तर | संख्या | ० | १ | २ | १ | १ | १ | ६ | | | | |
| प्रतिफल २.२ | विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा भएको हुने | विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा भएको | संख्या | ६ | १ | २ | १ | १ | १ | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा संख्या | | | | | | | | | | | | |
| प्रतिफल २.३ | समुदायको प्रकोप पश्चात सामाना गर्न सक्ने र पूर्ब अवस्थामा फर्कन सक्ने क्षमताको विकास भएको हुने । | वडास्तरमा स्वयमसेवकलाई विपद व्यावस्थापन, विपद नूनिकरण सीप, क्षमता विकास तालिम कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | | | | |
| | | विपद व्यवस्थापन सरोकारवाला निकायहरुसँग समन्वय तथा परामर्श कार्यक्रम | संख्या | २ | २ | २ | २ | | | ६ | | | | |
| | | विद्यालय स्तरमा विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ० | २ | २ | २ | | | ६ | | | | |
| | | विपद् पिडितका लागि आयआर्जन कार्यक्रम | निरन्तर | | | | | | | | | | | |

# परिच्छेद ७
# संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ संस्थागत विकास तथा सेवा प्रवाह

### ७.१.१ भूमिका

स्थानीय तहको सरकारहरूको प्रमुख जिम्मेवारी लोकतन्त्रका लाभहरूको वितरण गर्नु हो । जनताको निकटतम्तहका सरकारको रूपमा रहेका स्थानीय तहमा सुलभ सेवा प्रवाह भई सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ । जगदुल्ला गाउँपालिकामा कर्मचारी जम्मा .जनाको दरबन्दी रहेकोमा हालसम्म  जनाको मात्र पदपूर्ति भएको छ । बाँकी  वटा दरबन्दीको पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गरी पठाइएको छ । हालसम्म  वटा ऐन, वटा नियमावली, वटा कार्यविधि, वटा निर्देशिकाहरू तथा वटा मापदण्डहरु र  वटा मार्गदर्शन गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत भई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएर कानूनको रुपमा कार्यान्वयनमा आएका छन ।

यसैगरी सभाबाट सुशासन समिति, विधायन समिति र लेखा समिति लगायत ५ वटा समिति र कार्यपालिकाबाट  वटा समितिहरु गरी जम्मा ५० वटा बिभिन्न समिति, विषयगत समितिहरु गठन भएकाछन् ।  हाल  वटै समितिहरु सक्रिय र प्रभावकारी देखिएका छन् ।सार्वजनिक सेवाका सन्दर्भमा गाउँपालिका र ७ वडामा गरी ८ वटा नागरिक बडापत्रको प्रयोग भएकोछ । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट, मासिक रुपमा पालिकाको आम्दानी खर्च तथा बैठक तथा सभाका निर्णयहरु सार्वजनिक गर्ने अभ्यास नियमित रुपमा भएकोछ । समयमा नै बजेट तथा कार्यक्रम र यस सम्बन्धी ऐन नियमहरू स्विकृत भई कार्यान्वयनमा आउने गरेको छ । गाउँपालिकाको सञ्चित कोषको स्थापना भई सुत्रमा आधारित आर्थिक कारोवारको सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा आदिको सेवामा विद्युतीय प्रणालीको प्रयोग भइरहेको, एप्सको प्रयोगबाट वस्तुगत विवरण संकलन भएको र आर्थिक कारोबार आइ एमइ बैङ्कको स्थानीय शाखाबाट सम्पादन हुने गरेको छ । न्याय सम्पादनका  लागि उपाध्यक्षको अध्यक्षतामा न्यायिक समिति रहेको, साना साना विबादलाई गाउँपालिका बाट नै मिलाउने गरिएको र जटिल प्रकृतिका घटनाहरु मात्र कानुनी दायरामा जाने गरेका छन । गाउँपालिका शान्ति सुरक्षाका लागि २ वटा प्रहरी चौकी रहेको र यहिबाट गाउँपालिका भरि शान्ति सुव्यबस्था कायम गरिएको छ ।

७.१.२ समस्या

लामो राजनैतिक संक्रमण पश्चात् हालसालै स्थापित नयाँ सङ्घीय प्रणाली अनुरूपको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको,  सङ्घीयताको अभ्यास तथा अनुभव नभएको हुँदा संघियताको मर्म अनुरुप नागरिकलाइ सेवा दिन नसक्नु, स्थानीयवासीमा चेतनाको स्तर माथि उठ्न नसक्नु, संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नहुनु  कर्मचारीहरू सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धतिहरूमा कम जानकार हुनु, स्रोत, प्रविधि तथा पूर्वाधारहरूको अपर्याप्तता हुनु, गाउँपालिका, वडा कार्यालय, शाखा तथा उपशाखामा दरबन्दि अनुसार कर्मचारीको पदपूर्ती नहुनु, कर्मचारी तथा जनप्रतिनिधिलाइ पेशागत क्षमता विकास तालिम पर्याप्त मात्रामा नहुनु, लोक सेवा आयोग मार्फत आएका कर्मचारीको समय अगावै नै सरुवा हुने, आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन ।

### ७.१.३  अवसर तथा चुनौती

**अवसर**

E-governance नागरिकको पहुँचमा बिस्तार गर्न नेपाल सरकार नीतिगत ब्यबस्था गर्नु, स्थानीय सरकार स्वायत्त भएको कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने, विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट, अभ्यासहरूको अनुशरण गर्न सकिने, जनगुनासोलाई तत्काल सम्बोधन गरी सेवा

प्रवाहलाई चुस्त दुरुस्त बनाउन सकिने, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागु गर्न सकिने ।नगर प्रहरीको व्यवस्थापन गर्न सकिने र अन्य सुरक्षा निकायलाई समेत आवश्यकता अनुसारविस्तार गर्न सकिने । सञ्चार माध्यममार्फत सूचना, जानकारी तथा गाउँपालिकाका काम र विकास निर्माणका योजनाका बारेमा गाउँपालिकावासीहरूलाई सुसुचित गर्न सकिने ।स्थानीय तहको एकल अधिकारभित्रका विषयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु ।आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य केही ऐन कानूनहरू तर्जुमा हुनु । आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानूनी रूपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित स्रोतको सुनिश्चितता रहनु । स्थानीय तवरमा विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन ।

**चुनौती**

जनचासो र जनगुनासोको समयमै सम्बोधन गर्न, राजश्व अपचलन हुनबाट रोक्न,जनउत्तरदायी शासन प्रणालीको विकास गर्न,कर्मचारीको पदपूर्ति गरी सबैवडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, आर्थिक ऐन कानून कार्यान्वयनमा ल्याउनु, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउनु, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवाअनुसार परिचालन गरी व्यवस्थित गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्

**७.१.४ लक्ष्य तथा उदेश्य**

**लक्ष्य :**

गाउँपालिका आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको हुनेछ ।

**उदेश्य**

१. संस्थागत सुदृढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।
२. पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु।

**७.१.५ रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उदेश्य १** संस्थागत सुदृढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्ने । | |
| १.१ विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने । | १.१.१ संविधान प्रदत्त अधिकारको सीमाभित्र रही आवश्यक कानून, नियमावली, निर्देशिका बनाइनेछ ।<br>१.१.२ सदाचार प्रवर्द्धन गर्दै पारदर्शी कार्यप्रक्रियाको निर्माण गरी भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ ।<br>१.१.३ सार्वजनिक पदाधिकारीकालागि आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनका साथै अनुगमन प्रणाली स्थापना गरिनेछ ।<br>१.१.४ सेवा प्रवाहलाई जनमुखी बनाउने नागरिक बडा-पत्र अध्यावधिक गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>१.१.५ गाउँपालिकाका विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकिकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.६ स्थानीय सरकारको स्वमूल्याङ्कन प्रणालीलाई (Local Institution Self-Assisment)संस्थागत गरिनेछ ।<br>१.१.७ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>१.१.८ सार्वजनिक सुनुवाईलाई नियमित र प्रभावकारी बनाइनेछ ।<br>१.१.९ गाउँपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।<br>१.१.१० आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| १.२.कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने । | १.२.१ गाउँपालिकाको आवश्यकता अनुसार नयाँ संगठन संरचना तयार गरी लागूगरिनेछ ।<br>१.२.२ गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीमा आवश्यक परिमार्जन गरी सबै निर्वाचित प्रतिनिधिहरु र पालिका तथा सभाका समितिहरुको कार्य विवरण स्पष्ट गरिनेछ ।<br>१.२.३ गाउँपालिकाको कानून निर्माण क्षमता अभिबृद्धि हुने गरी संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.४ गाउँ कार्यपालिकाका उपाध्यक्ष, सबै वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुसँग अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुख सँग कार्य सम्पादन करार गरी नतिजाको अनुगमन गर्ने पद्धति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।<br>१.२.५ सबै कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डलाई उनीहरूको कार्यप्रगतिसंग आवद्ध गरिनेछ ।<br>१.२.६ गाँउपालिका तथा सवै वडाका सेवा प्रवाहका लागि आबश्यक पूर्वाधारको बिकास गरिनेछ । |
| १.३ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने। | १.३.१ गाउँपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन (O & M Survey)गरी संगठन संरचना र दरबन्दी व्यवस्थित गरिने छ ।<br>१.३.२ निर्धारित दरवन्दी अनुसार आवश्यक कर्मचारीहरूको पद पूर्ति गरिनेछ ।<br>१.३.३ शाखा, वडा कार्यालय र विषयगत शाखहरू बीच विद्युतीय सञ्जाल स्थापना गरिनेछ ।<br>१.३.४ कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको समय सापेक्ष दक्षता हासिल गार्न क्षमता विकास गरिनेछ ।<br>१.३.५ अन्य गाउँपालिकाहरू बीच साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य गरिनेछ ।<br>१.३.६ न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ । |
| उदेश्य २ पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्ने । | |
| २.१ सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने । | २.१.१ गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।<br>२.१.२ सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।<br>२.१.३ कार्यालयका व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ ।<br>२.१.४ गाउँपालिकाको वेवसाइटलाई सुधार गरी गाउँपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।<br>२.१.५ गाउँपालिकाको आर्थिक करोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।<br>२.१.६ गाउँपालिकाका निर्णयहरू वेवसाइटमा समेत नियमित रूपमा राखी सार्वजनिक गरिनेछ । |

**मूख्य प्राथमिकताका कार्यक्रमहरु**

१.आवश्यक कानुनहरू निर्माण ।
२.संगठन तथा व्यवस्थापन अध्ययन ।
३. कानूनको पुनरावलोकन, परिमार्जन तथा निर्माण ।
४.विषयगत शाखा तथा वडाकार्यालयको पूर्वाधार निर्माण
५. स्थानीय राजपत्र प्रकाशन
६. आधुनिक सूचना प्रविधि जडान, वेवसाइट अध्यावधिक र सूचना सञ्जालीकरण ।
७.नागरिक उत्तरदायित्व अभिवृद्धि, सामाजिक परिक्षण तथा  सार्वजानिक सुनुवाइ
८.संस्थागत विकास सूचकहरूको मूल्यांकन ।

## ४.३.७कार्यक्रम नतिजा तथा बजेट

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | क | गाउँपालिका कार्यालय साथै सबै वडा कार्यालयलाइ प्रविधि मैत्री बनाउने | प्याकेज | ३ | ५००० | ५००० | ५००० | ४५०० | ४५०० | २४००० |
| २ | क | गाँउपालिकाको वेवसाईडलाइ नियमित रुपमा अद्यावधिक गर्ने | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ३ | क | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका र नागरिक वडा पत्र राख्ने | संख्या | १२ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ४ | क | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ५ | कखग | शासकिय सुधारका लागि अभिमुखिकरण कार्यक्रम | प्याकेज | ३ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ७ | कखग | विद्युतिय शासन पद्धति लागू गरी सेवा प्रवाह पारदर्शि बनाउने | प्याकेज | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| ८ | क | प्रत्येक कर्मचारीको कार्य बिबरण तयार गर्ने | प्याकेज | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ९ | क | गाँउपालिकामा संचालित आयोजनाहरुको प्रगति समिक्षा गर्ने | प्याकेज | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| १० | क | पत्र पत्रिका र रेडीयोमा चेतनामूलक सूचना प्रकाशन तथा प्रशारण गर्ने | नियमित | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ११ | कखग | कर्मचारीहरुको कार्य दक्षता विकासको लागि तालिम | प्याकेज | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १२ | कखग | जनप्रतिनिधिहरुको लागि तालिम | प्याकेज | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| १३ | क | स्थानीय राजपत्र प्रकाशन | नियमित | – | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | कखग | गाँउपालिका र सबै वडा कार्यालयहरुमा आधुनिक सूचना प्रविधि जडान गर्ने | प्याकेज | ७ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| जम्मा | | | | | ११६०० | ११६०० | ११६०० | ११९०० | ११९०० | ५७००० |

**३.२.८ सूचक तथा नतिजा खाका**

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०७७/७८ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको गाउँपालिका हुने । | आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चितता कार्यक्रम संचालन | प्याकेज | ४ | | | ५ | | ६ | ६ | गापा.प्र.सा.प्रतिवेदन | गापा.प्र.सा. | | |
| | | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ६ | " | " | | |
| असर १ | संस्थागत सुद्दिढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता भएको गाउँपालिका हुने । | संस्थागत सुद्दिढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको कार्यक्रम संचालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल १ | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका र नागरिक वडा पत्र भएको हुने | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका | संख्या | १ | १० | २ | २ | २ | २ | १० | " | " | | |
| | | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा नागरिक वडा पत्र | संख्या | १० | २ | २ | २ | २ | २ | १० | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २ | कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत संस्थागत रुपमा विकास भएको हुने | | | | | | | | | | | | | |
| | | गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन | प्याकेज | ५ | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |
| असर २ | पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित भएको हुने | पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणालीको विकास विस्तार | प्याकेज | | १ | – | – | | | १ | ” | ” | | |
| प्रतिफल १ | सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज भएको हुने | गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |
| | | नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ” | ” | | |

### ७.२ वित्तिय सुशासन

### ७.१.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाइ नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउदै लैजानको लागि सुचना प्रविधिमा आधारीत वित्तिय व्यवस्थापनको विकासमा जोड दिदैएकल खाताकोष प्रणाली र राजश्व व्यवस्थापन प्रणालीको विकास भएको छ । जनताले तिरेको करबाट राज्य सञ्चालन हुने सामान्य सिद्धान्त हो । तर जनताले प्रशस्त कर तिर्नकालागि आर्थिक क्रियाकलापहरूमा तीव्रता आउनु पर्दछ । आर्थिक क्रियाकलापहरूलाई तिव्रता दिन उत्पादन वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रबर्द्धन गर्नुका साथै उद्योग र कलकारखानाहरू खुल्ने उपयुक्त वातावरण सिर्जना हुनुपर्दछ । गाउँपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन ‘उत्पादनमुखी स्वरोजगार समृद्धिको आधार’ भन्ने मूल नारालाई साकार तुल्याउने नीतिअनुरूप राजश्व परिचालन र श्रोत अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ । यस गाँउपालिका कार्यालयमा हाल छुट्टै राजश्व शाखा नभएको अवस्था छ । सांगठानिक ढाँचामा राजश्व शाखा पनि छुट्टै बनाइ कार्य चुस्तताको लागि आवस्यक देखिन्छ ।

### ७.२.२ प्रमुख समस्याहरु

आर्थिक उत्तरदायित्व तथा जवाफदेहीताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित परीमाणमा नहुनु, यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ७.२.३ चुनौती र अवसर

**चुनौती**

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान ठिक समयमा प्राप्त गर्नु, समयमा नै कार्यक्रमहरु स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा नै ठेक्काबन्दोबस्त गर्नु, पुंजिगत खर्च वृद्धि गर्नु यस क्षेत्रका प्रमूख चुनौती रहेका छन् ।

**अवसर**

गाउँपालिकाभित्र कानुनको परिधिमा रही सम्भाव्य करका दायरा बढाउनकरदाता विवरणलाई डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको विद्युतीय खाता(Smart Tax Account)बनाई लागु हुनु, व्यवसाय कर सम्बन्धि कार्यविधि २०७७, आर्थिक कार्यविधि ऐन २०७७ तयार भएर  सूलिकोट गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशन हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन् ।

### ७.१.५ लक्ष्य र उदेश्य

**लक्ष्य**

सार्वजनिक आय व्ययलाइ व्यवस्थित,पारदर्शि र अनुमानयोग्य बनाई समग्र विकास प्रकृयालाइ प्रभावकारी बनाउने ।

**उद्धेश्य**

१.जगदुल्ला गाँउपालिकामा सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने ।

### ७.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १:** गाँउपालिकामा सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने । | |
| १.१वित्तिय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | १.१.१ साँगठनिक ढाँचामा सुधार गरि राजश्व शाखा बनाइ वित्तिय व्यवस्थापन सम्बन्धि संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमतामा वृद्धि गरीनेछ ।<br>१.१.२राजस्व सुधार कार्य योजना बनाइनेछ। |
| १.२ सार्वजनिक आय व्ययर खरिद प्रकृयालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.१.२ ठेक्कापट्टा निर्धारित समयभित्रै गरीनेछ ।<br>१.२.२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेगेदारलाइ प्रोत्साहन गरीनेछ ।<br>१.२.३ सुचना प्रविधिको प्रयोगलाइ विकास, विस्तार गरीनेछ । |

### ७.२.६ कार्यक्रमका प्राथमिकता

१. विद्युतिय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने ।

२. राजस्व सुधार कार्य योजना बनाउने

## ४.३.७ कार्यक्रम नतिजा तथा बजेट

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | क ख | कर्मचारीहरुको लागि राजश्व परिचालन सम्बन्धि क्षमता वृद्धि तालिम आयोजना गर्ने | प्याकेज | ३ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | क ख | लेखाप्रणाली सुदृढीकरण तालिम संचालन | प्याकेज | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ३ | क | विद्युतिय आर्थिक कार्यप्रणालीको विकास गर्ने | प्याकेज | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ४ | क | राजश्व सुधार कार्य सुधार योजना बनाउने | पटक | | ० | ८०० | ० | ० | ० | ८०० |
| ५ | क ख | सूचना प्रविधिको प्रयोगलाइ विकास विस्तार गर्ने | प्याकेज | ५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० |
| ६ | क | निर्धारित समय भन्दा अगावै कार्य सम्पादन गर्ने ठेगेदारलाइ प्रोत्साहन कार्यक्रम | प्याकेज | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| | | मध्यावधी खर्च संरचना तयारी | | ५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० |
| | | जम्मा | | | ३५०० | ४३०० | ३५०० | ३५०० | ३५०० | १८३०० |

## ३.२.८ सूचक तथा नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | इकाइ | आधार बर्ष २०७७/७८ | | | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | | | | |
| प्रभाव | सार्वजनिक आय व्यय व्यवस्थित, पारदर्शि र अनुमानयोग्य बनि प्रभावकारि विकास प्रकृया भएको हुने | सार्वजनिक आय व्यय पारदर्शि र व्यवस्थित अनुमानयोग्य र प्रभावकारी विकास प्रकृया | संख्या | १ | | | १ | १ | १ | ४ | गापा प्रतिवेदन | गापा | | |
| असर १ | सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीता | सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीता | प्याकेज | १ | | | १ | १ | १ | ४ | ” | ” | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
